का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ जेठ २०८२,
शनिबार
7 June, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १२५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



बाजुराको बुढीगंगा नगरपालिका ६ साँफे-मार्तडी, बाम्का बजारमा भएको आगलागीमा करिब ४० वटा पसल जलेको छ । स्थानीय नवदुर्गा होटलमा ग्यास सिलिन्डर पड्केर आगलागी भएको हो । दमकल नभएकाले आगो नियन्त्रणमा लिन कठिनाइ भएको थियो ।

# जीवनको कठिन यात्रामा सहजै हिँडिरहेका यात्री

## उनको स्वभाव र जीवन भोगाइ अप्ठ्यारो छ । तर, यसलाई सरल यात्राको रूपमा लिएर उनी अनवरत हिँडिरहेका छन्

**अस्मिता बम/मध्यान्ह**
चितवन, २३ जेठ

नवलपरासीको गैंडाकोटका सडकमा एउटा ह्वीलचेयर गुडिरहन्छ । जसको पछाडि पट्टीको भागमा छ 'क्रेट' । क्रेटमा राखिएका छन् फिनेल, हार्पिक, पिताम्बरी आदि आदि...। अगाडिको भागमा सानो डिग्गी । जसमा छन् प्लास्टिकका झोलाहरू । ह्वीलचेयर हाँकिरहेका छन् कृष्ण सुवेदी ।

झट्ट हेर्दा असामान्य देखिने कृष्ण उमेरले ३१ वर्ष पुगे । कृष्ण उमेरअनुसार पुगेका भने लाग्दैनन् । बोली तोते, हिँडाइ १ वर्षका नानीबाबुसरह घिस्रिदैं । नवलपरासीको नवलपुर, गैंडाकोट-६मा बस्छन् उनी ।

शारीरिक अवस्थाले उनलाई 'अपाङ्ग'को उपमा दिएको छ । उनको कम्मर मुनिको शरीरले काम गर्दैन तर उनको चेतनाको स्तर भने कम छैन । त्यही चेतनाले गर्दा कृष्ण अहिले गैंडाकोट क्षेत्रका परिचित व्यावसायी बनेका छन् । उनले प्रायः बेच्ने भनेको फिनेल, हार्पिक, पिताम्बरी हो । तर कहिले बदाम त कहिले सागका मुठा पनि उनको क्रटमा देख्न सकिन्छ ।



कृष्ण यो अवस्थासम्म पुग्छन् उनका अभिभावकलाई लागेको थिएन । २०४९ सालमा दोस्रो सन्तान, त्यहीमाथि छोरा भएर कृष्ण जन्मिदा बुबा गंगाप्रसाद सुवेदी र आमा राधा सुवेदी खुसी त भएका थिए । तर उनीहरूको खुसीमा बज्रपात पऱ्यो । भारतको केरलाको एक अस्पतालमा जन्मिएका कष्ण जन्मिदा साढे १ किलो तौलका थिए । उनलाई २/३ महिना आइसीयूमा राखिएको थियो । उनी जन्मिँदा न रोएका थिए न हल्लिएका । सास मात्रै चलेको थियो । डाक्टरहरूले बाँच्ने सम्भावना कमै रहेको बताएका बुबा गंगाप्रसाद अहिले पनि सम्झिनछन् ।

'बाबु जन्मिदा जम्मा १ किलो ५ सय ग्रामको थियो । किन यस्तो पृष्ठ २ मा

# शक्तिका आडमा निर्णय



प्रधानमन्त्रीमा अलिकति राजनीतिक प्रतिशोधको गन्ध आएको छ । अख्तियारले पनि कहीं न कहीं गम्भीर प्रश्न जन्माएको छ

■ **पुष्पकमल दाहाल**
पूर्वप्रधानमन्त्री

पार्टी फुटाएर गएको र राजनीतिक उत्तरार्धमा पुगेका माधवजीलाई प्रधानमन्त्रीले राजनीतिक बदलाभाव र पूर्वाग्राही ढंगबाट हेरेको देखिन्छ, अख्तियारले ललिता निवासमा छुट दिने अनि पतञ्जलीमा हात हाल्ने भन्ने हुन्छ ?

■ **श्याम मैनाली**
पूर्वसचिव

## काण्डै काण्ड

पतञ्जली जग्गा
गिरीबन्धु टी स्टेट
शेरा दरबार
बाँसबारी जग्गा
ललिता निवास
टीकापुर जग्गा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २३ जेठ ।

पतञ्जली योग शिविरको जग्गा घोटला प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित उच्च पदस्थलाई अदालतको ढोकासम्म पुऱ्याएपनि शक्तिमा रहेकाहरूमाथि अझै छानबिन हुन सकेको छैन् ।

हजारौं रोपनी सरकारी जग्गा नीजिकरण गर्न नीतिगत निर्णय गर्ने, निर्णय गर्न दबाव दिने र खरिद बिक्रीमा संलग्न शक्तिशालीहरूलाई राज्य संयन्त्रले संरक्षण गर्दा अझै छानबिनको दायरामा आउन नसकेको हो ।

पतञ्जली जग्गा प्रकरण जस्तै निर्णय भएका गिरीबन्धु टी स्टेट काण्ड, बाँसबारी, ललिता निवास, कैलालीको टीकापुर जग्गालगायत काण्डहरूमाथि शक्तिशालीहरूको छाया परेको देखिन्छ । नेकपा (एमाले) फुटाएर नेकपा (एकीकृत समाजवादी) बनाएका माधवकुमार नेपाल शक्तिहीन हुँदै जाँदा पतञ्जली जग्गा हिनामिना प्रकरणमा मुद्दा चलाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शक्ति केन्द्रमा रहेकालाई अझै छुन नसकेको आरोप खेप्दै आएको छ । एकै प्रकृतिका काण्डमा कसैलाई मुद्दा चलाउन अवस्थामा पुग्ने र केही शक्तिशालीहरूलाई सामान्य सोधपुछसमेत नगर्ने अख्तियारको असमान नीतिप्रति आमरूपमा असहमति दर्ज भइरहेको जानकारहरू बताउँछन् ।

'भ्रष्टाचारजन्य कार्यको छानबिन गरी कारबाही प्रक्रिया अघि बढाउने राज्यका निकायहरूले नै शक्ति केन्द्रको दवाब, प्रभाव र राजनीतिक रंगका आधारमा चल्ने परम्परालाई तोड्न सकेका छैनन्', पूर्वसचिव श्याम मैनालीले भने 'अझैपनि भ्रष्टाचारका ठूला काण्डमाथि छानबिन हुन सकेको छैन । नीतिगत निर्णयका नाममा हतियार बनाएर पृष्ठ २ मा

# भारतबाट फर्कनेहरूमा देखियो कोरोना संक्रमण, छैन पूर्वतयारी

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २३ जेठ

भारतमा कोभिड-१९ (कोरोना भाइरस)को नयाँ भेरियन्ट तीव्र गतिमा फैलिन थालेपछि त्यसको प्रत्यक्ष असर नेपालका सीमावर्ती क्षेत्रहरूमा देखिन थालेको छ ।

भारतमा कोरोनाको नयाँ भेरियन्ट फैलिएपछि सीमा नाकाबाट नेपाल भित्रिनेहरूमा संक्रमण देखिन थालिएको हो । कोरोनाको संक्रमण बढ्दै जाँदा त्यसको पूर्व तयारीमा सरकारको ध्यान पुगेको छैन ।

कैलालीको नाका हुँदै नेपाल भित्रिनेहरूमा नयाँ भेरियन्ट पुष्टि भएको छ तर परीक्षण किटको अभावले चुनौती थपिएको छ । सुदूरपश्चिम प्रदेश सरकारले सीमा नाकामा हेल्थ डेस्क स्थापना गरे पनि परीक्षण सामग्री अभाव, जनशक्तिको कमी र संघीय सरकारसँगको समन्वयमा ढिलाइ हुँदा जोखिम बढेको छ ।

सुदूरपश्चिम प्रदेशको पश्चिम र दक्षिण सीमा भारतसँग जोडिएको छ । विशेषगरी कैलालीको त्रिनगर र कञ्चनपुर जिल्लाको गड्डाचौकी नाका हुँदै दैनिक सयौं व्यक्ति नेपाल भित्रिरहेका छन् । त्यसैले पनि यहाँ सङ्क्रमणको जोखिम उच्च रहेको भन्दै चासो बढेको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार त्रिनगर नाका हुँदै नेपाल फर्किएका ३ जनामा कोरोना भेरियन्टको सङ्क्रमण पुष्टि भइसकेको छ । त्यसपछि सीमामा सतर्कता अपनाइए पनि परीक्षणका लागि चाहिने आवश्यक सामग्रीको अभाव छ ।

## किट सामग्रीको अभाव

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका सूचना अधिकारी धर्मानन्द गिरीका अनुसार सीमामा तत्काल परीक्षणका लागि प्रयोग हुने एन्टिजेन किटको अभाव छ । 'कोरोना सङ्क्रमणको जोखिम बढेको छ । तर किट नभएकाले परीक्षणको काम प्रभावकारी रूपमा गर्न सकिएको छैन,' उनले भने ।

अहिले हेल्थ डेस्कमार्फत शंका लागेका तथा लक्षण देखिएकाहरूको स्वाब संकलन गरी जनस्वास्थ्य प्रयोगशाला धनगढीमा पीसीआर परीक्षणका लागि पठाइँदैछ ।

अहिले सीमामा पीसीआर परीक्षणको भरमा काम चलाइएको छ । भारतबाट आउनेमध्ये केही व्यक्तिमा सङ्क्रमण पुष्टि भइसके पनि कुन भेरियन्ट हो भन्नेबारे जीन सिक्वेन्सिङ नभएसम्म ठोस कुरा भन्न नसकिने अवस्था छ ।

सुदूरपश्चिम प्रदेश सरकारले भारतसँग जोडिएका मुख्य नाकाहरू कैलालीको त्रिनगर र टीकापुर, कञ्चनपुरको गड्डाचौकी, बैतडीको झुलाघाट र दार्चुलाको खलंगा नाकामा हेल्थ डेस्क स्थापना गरेको छ । हरेक डेस्कमा ५/५ जना गरी कुल २५ जना स्वास्थ्यकर्मी परिचालन गरिएको छ । उनीहरू नाकामा आउने व्यक्तिको प्रारम्भिक स्वास्थ्य परीक्षण, लक्षणको निगरानी तथा सचेतनामूलक कार्यमा खटिएका छन् । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा भाग लिन श्रममन्त्री भण्डारी जेनेभातर्फ, मलेसियाका मन्त्रीसँग छलफल हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी ११३औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा भाग लिन स्विट्जरल्यान्डको जेनेभा प्रस्थान गरेका छन् । श्रममन्त्री भण्डारीलाई मन्त्रालयका सहसचिव डण्डुराज घिमिरेले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरे ।

शुक्रबार साँझ नेपाली टोलीको नेतृत्व गर्दै मन्त्री भण्डारी त्यसतर्फ प्रस्थान गरेका हुन् । जेठको १९ गतेदेखि ३० गतेसम्म जेनेभामा ११३औं अन्तर्राष्ट्रिय श्रम सम्मेलन सञ्चालन हुनेछ । सम्मेलनका जारी सेसनहरूमा मन्त्रालयका तर्फबाट सचिव डा. कृष्णहरि पुष्करले सहभागिता जनाइरहेका छन् ।



यस अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा मन्त्री भण्डारीले प्लेनरी सत्रमा सम्बोधनका क्रममा अनौपचारिक श्रमलाई औपचारिकीकरण, सामाजिक न्याय प्रवर्धन, मर्यादित रोजगारी, नेपालको १० वर्षे आन्तरिक रोजगारीको योजनाका साथै मुलुकको दीर्घकालीन लक्ष्य र प्राथमिकताका विषयहरूलाई प्रस्तुत गर्ने मन्त्री पृष्ठ २ मा

## वैदेशिक रोजगारीका नाममा झन्डै आधा करोड ठग्ने २ पक्राउ

**काठमाडौं/मस–** प्रहरीले वैदेशिक रोजगारीका नाममा रुझण्डै आधा करोड ठग्ने २ पक्राउलाई पक्राउ गरेको छ । वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै ४२ लाख ३५ हजार ठगी गरेको अभियोगमा प्रहरीले ती २ जनालाई पक्राउ गरी सार्वजनिक गरेको हो । रामेछाप मन्थली नगरपालिका-३ घर भइ हाल दक्षिणकाली नगरपालिका-१ बस्ने ४० वर्षीया प्रमिला बरुवाल र पाल्पा माथागडी पृष्ठ २ मा

# संसद चल्नै नसक्ने परिस्थिति निर्माण हुँदा विधेयकहरू अड्किए : सभामुख

**काठमाडौं / मस–**सभामुख देवराज घिमिरेले संसद सुचारु हुन नसक्दा विधेयकहरू अड्किएको बताएका छन्। डिप्लोमा इन्जिनियर्स एशोसिएशन, नेपाल (डीन) को ४५औं वार्षिकोत्सव तथा विश्व वातावरण दिवसको अवसरमा शुक्रबार ललितपुरमा आयोजित 'जलवायु परिवर्तन, प्लास्टिक र विश्वव्यापी वातावरण' विषयक कार्यशालामा बोल्दै उनले यस्तो बताएका हुन् ।उनले विभिन्न विधेयकहरूलाई कानुनको रूप दिन आफूहरू तल्लीन रहेको बताउँदै संसद नै चल्न नसक्ने परिस्थिति



निर्माण भएको बताए । उनले संसद चल्न नसक्दा संघीय निजामती सेवा ऐन, विद्यालय शिक्षा सम्बन्धी ऐन लगायतका ऐनहरू अड्किएर बसेको जिकिर गरे ।उनले संसदमा विधेयकहरू अड्किने परिवेश र परिस्थिति अन्त्यको लागि सबैले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । सभामुख घिमिरेले कानुन बनाउने, कानुन कार्यान्वयन गर्ने संस्थालाई नियमन गर्ने र सरकारलाई प्रभावकारी बनाउने सर्वोच्च निकायलाई नियमित सञ्चालन गर्ने विधिको बारेमा सोच्न जरुरी रहेको धारणा राखे । उनले कार्बन उत्सर्जन गर्ने कामहरूलाई नियन्त्रण गर्न तत्कालै नलागे भविष्यको मात्रै नभएर आजकै जीवन गम्भीर बन्ने उल्लेख गरे ।

# 'बजेट सकारात्मक भएपनि कार्यान्वयनमा चुनौती'

**काठमाडौं / मस–** सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेट सकारात्मक भए पनि यसको सफल कार्यान्वयनमा चुनौती रहेको सरोकारवालाहरूले बताएका छन् ।




शुक्रबार एभिन्यूज एचडी खबर टेलिभिजनद्वारा आयोजित 'एभिन्यूज एजेण्डाः बजेट प्रभाव' शीर्षकको बहस कार्यक्रममा राजनीतिक दलका नेतादेखि पूर्व गभर्नर, व्यवसायी र सांसदहरू सम्मले बजेटको प्रभाव र कार्यान्वयनका पक्षमा धारणा राखेका हुन् ।

कार्यक्रममा नेकपा एमालेका उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेट विगतका वर्षहरूभन्दा तुलनात्मक रूपमा राम्रो देखिए पनि कार्यान्वयनमै सबैभन्दा ठूलो चुनौती रहेको बताए ।

नेकपा माओवादी केन्द्रका उपमहासचिव तथा पूर्वअर्थमन्त्री जनार्दन शर्माले बजेटले कुनै नयाँ नीति वा कार्यक्रम प्रस्तुत नगरेको, बरु अघिल्ला कार्यक्रमकै निरन्तरतामा केन्द्रित रहेको टिप्पणी गरे । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सीमित स्रोतका बीचमा परियोजनाहरू प्राथमिकता निर्धारण गरेर कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याए । नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवि नेपालले बजेट राम्रो आएको प्रतिक्रिया दिँदै सरकारलाई कार्यान्वयनमा बढी ध्यान दिन सुझाव दिए ।

अर्थ समितिका सभापति सन्तोष चालिसेले बजेटले संसदीय समितिको अपेक्षा पूरा गर्न नसकेको बताए । यद्यपि, उनले केही सकारात्मक पक्षहरू रहेको स्वीकार गर्दै कार्यान्वयनमा गम्भीरता देखाउन सरकारलाई आग्रह गरे । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले बजेटले निजी क्षेत्रलाई उत्साहित बनाएपनि कतिपय विषय कार्यान्वयनमा कसरी आउँछ भन्नेबारे निजी क्षेत्रले हेरिरहेको बताए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले बजेटमा निजी क्षेत्रका कतिपय मागहरू सम्बोधन हुने प्रयास भएपनि निजी क्षेत्रहरूलाई राहत पुग्नेगरी ऐन, नियमहरू आउनुपर्ने बताए । उनले कतिपय ऐन, नियमहरू निजी क्षेत्रलाई अघि बढ्नका लागि अवरोधात्मक किसिमका भएको पनि बताए ।

नेपाल निर्माण व्यवसायी महासंघका उपाध्यक्ष रत्नबहादुर खड्काले ठूला आयोजनाहरुको ठेक्का निजी क्षेत्रले लिएको भएपनि बजेट समयमै प्राप्त नहुँदा कार्यान्वयनमा ठूलो चुनौती आएको बताउँदै त्यसको अपजस भने निर्माण व्यवसायीहरुले मात्र पाउने गरेको बताए । उनले यस्तो स्थितिले निर्माण व्यवसायीहरूले आफू घाटामा भएर पनि काम गरिरहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष सुरज वैद्यले अस्थिर राजनीतिका कारण प्रायः सबै बजेट असफल हुने गरेको बताए । कार्यक्रममा सहभागी अन्य उद्योगी तथा व्यवसायीहरूले बजेटले निजी क्षेत्रका अपेक्षाअनुसार कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।उक्त बहस कार्यक्रमअघि एभिन्यूज एचडी टेलिभिजनको औपचारिक शुभारम्भ पनि गरिएको थियो । कार्यक्रम एभिन्यूज एचडी टेलिभिजनका अध्यक्ष भाष्करराज राजकर्णिकारको अध्यक्षतामा भएको थियो ।

**शक्तिका...**

उच्चस्तरीय कर्मचारी र राजनीतिज्ञहरू सबैको मिलिभगतमा यस्ता ठूला भ्रष्टाचारका काण्डहरू भइरहेका छन् । अख्तियारले यस्ता विषय हेर्नै सक्दैन ।' मन्त्रिपरिषद्का सबै निर्णयहरू नीतिगत निर्णय नहुने उनको तर्क छ। गिरीबन्धु टी स्टेटलाई केपी ओली नेतृत्वको मन्त्रिपरिषद्ले १३ वैशाख २०७८ मा ३ सय ४३ बिगाहा जग्गा तत्कालीन प्रदेश १ भित्रै सट्टापट्टा गर्न दिने निर्णय गरेको थियो । सर्वोच्च अदालतको संवैधानिक इजलासले जग्गा सट्टापट्टा गर्न स्वीकृत दिने विवादित निर्णय भूमिसम्बन्धी ऐन २०२१ को दफा १२ 'ग' लगायतका कानुनी प्रावधान अनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएकाले मन्त्रिपरिषद्को निर्णय र सो बमोजिम भए गरिएका काम कारबाहीसमेत बदर हुने निर्णय गरेको थियो । यसलाई नीतिगत निर्णयका नाममा निर्णयकर्ताहरूमाथि अख्तियारले छाडेको छ । तत्कालीन भूमिसुधारमन्त्री पद्मा अर्याल र सचिव टेकनारायण पाण्डेले भूमाफियालाई फाइदा पुग्नेगरि मन्त्रिपरिषद्बाट निर्णय गराउन र ऐन ल्याउन भूमिका खेलेका थिए । सो वापत पूर्वमन्त्री अर्याललाई भूमाफियाहरूले कोरियन ब्राण्डको २ करोडको गाडी उपहार दिएकोसमेत आरोप लाग्दै आएको छ । त्यस्तै बालुवाटारस्थित ललिता निवासको १ सय १३ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा ल्याउन माधवकुमार नेपाल र बाबुराम भट्टराइका पालामा पटक-पटक निर्णय भएका थिए । सो प्रकरणमा पूर्वमन्त्री, पूर्वसचिवसहित १ सय १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको थियो । तर पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईलाई भने मन्त्रिपरिषद्को नीतिगत निर्णय भन्दै छुट दिएको थियो। यो प्रकरणमा वर्तमान अर्थमन्त्री विष्णु पौडेलसमेत जोडिएका छन् ।

पतञ्जली काण्डमा मुद्दा दर्ता भएका नेपालका सन्दर्भमा पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्री केपी ओलीमा प्रतिशोधको गन्ध देखिएको टिप्पणी गरेका छन् । 'प्रधानमन्त्रीजीमा अलिकति राजनीतिक प्रतिशोधको गन्ध त आएकै छ । र, अख्तियारले पनि कहीँ न कहीँ गम्भीर प्रश्न जन्माएको छ,' दाहालले भने । उनले पहिला अख्तियारले नै कुनै पनि नीतिगत निर्णय अख्तियारको क्षेत्राधिकारबाहिर भएको भन्दै ललिता निवास प्रकरणमा लेखेको चिठी आफूले हेरेको बताए। 'तर अहिले त्यही अख्तियारले माधवजीले गरेको त नीतिगत निर्णय नै हो । त्यसैमा फेरि प्रवेश गरेको छ सायद अख्तियारले जवाफ देला', उनले भने 'यही हो भने कोही पनि छानबिनको दायरमा आउन सक्ने भयो ।'

उता नुवाकोटस्थित शेरा दरबार र त्यसले चर्चेको १ सय ८४ रोपनी जग्गामध्ये १ सय ६४ रोपनी जग्गा राजनीतिक शक्तिका आडमा कब्जा गर्न खोजिएको घटनासमेत त्यसै सेलाएको छ । हदबन्दी छुट दिई व्यक्तिका नाममा पठाउने प्रक्रियाको सुरुआत माओवादी केन्द्रका अध्यक्ष दाहाल प्रधानमन्त्री भएका बेला अघि बढेकाले कम्पनी रजिस्ट्रारको कार्यालयले सिधै सेयर कारोबारका लागि अनुमति दिएको थियो । २०७३ सालमा दाहाल प्रधानमन्त्री भएका बेला अन्नपूर्ण फार्मिङका नाममा लालपूर्जा रहेको जग्गाको हदबन्दी छुटका लागि भूमिसुधार विभागबाट मन्त्रालयमा पुगेको पत्रलाई समेत आधार मानेर २०८० सालमा सबै सेयर विकेश श्रेष्ठले आफ्नो नाममा ल्याएका थिए । यो प्रकरणमा पूर्वप्रधानमन्त्री दाहालमाथि समेत कारबाही हुनुपर्ने आवाज उठेपनि शक्ति सन्तुलन मिलाउन उक्त विषयलाई छायामा पारिएको जानकारहरू बताउँछन् ।

अरू काण्ड जस्तै बाँसबारी छाला तथा जुत्ता कारखानाको १० रोपनी जग्गा कांग्रेस सांसद विनोद चौधरी अध्यक्ष रहेको सीजी ग्रुपले बासबारीस्थित चाँदबाग स्कुल चलाइरहेको छ। वार्षिक १० लाख जुत्ता उत्पादन गर्ने सर्तमा तत्कालीन बाँसबारी छाला तथा जुत्ता कारखानाको उक्त सरकारी जग्गामा 'च्याम्पियन फूटवेयर लिमिटेड' खोलेको औद्योगिक-व्यावसायिक घराना चौधरी समूहले केही वर्षपछि त्यो जग्गालाई आफ्नो निजी सम्पत्ति बनाएको आरोप छ ।

उता कैलालीको टीकापुर बजार क्षेत्र वरिपरिको झण्डै ३० बिघा (६०० कट्ठा) सरकारी जग्गा टीकापुर विकास समितिका पदाधिकारी भनिने राजनीतिक कार्यकर्ताले नेता, आफन्त र दलका कार्यकर्तालाई वितरण गरेको भेटिएको थियो । उक्त जग्गा किन्ने १ सय १७ जनामध्ये ८७ जनालाई दोषी ठहर गर्दै ३ महिना कैद र जरिवाना हुने फैसला गर्दै सबै जग्गा नगर विकास समितिको नाममा हुने ठहर गरेका थियो। तर यो प्रकरणमा पनि आवश्यक कारबाही अघि बढेको छैन् ।

सरकारका संरचना र संस्कार नै भ्रष्टचार बढाउने कुराका केन्द्रित भएको भन्दै पूर्वसचिव मैनालीले राजनीतिक हिसाबले किनारामा परेकाहरूलाई मात्रै कानून लाग्ने जस्तो देखिएको बताए । पतञ्जली प्रकरणमा पूर्वप्रधानमन्त्री नेपाललाई एमाले पार्टी फुटाएर गएको र राजनीतिको उत्तरार्धमा पुगेका कारण प्रधानमन्त्री ओलीले राजनीतिक बदलाभाव लिएर पूर्वाग्राहीढंगबाट मुद्दा दायर गरेको उनको टिप्पणी छ । 'पतञ्जली जस्तै ललिता निवास, गिरीबन्धु टी स्टेट, टीकापुर जग्गा, बासबारीलगायत जग्गालाई नीजिकरण गर्न गरिएका निर्णयहरू उस्तै हुन्', मैनालीले मध्यान्हसँग भने 'यो अवस्थामा वर्तमान प्रधानमन्त्रीदेखि शीर्ष नेतृत्वमा रहनेहरू कोही चाखो छैनन । ललित निवासमा कर्मचारीलाई मात्रै चलाइयो । यही अख्तियारले ललिता निवासमा छुट दिने पतञ्जलीमा हाल्ने भन्ने कही हुन्छ ?'

**जीवनको ...**

भयो, के भएको पत्ता लागेको थिएन । डाक्टरहरूले बचाउन गाह्रो छ भने । बाँचे हुन्थ्यो लागेर उपचार अगाडि बढाएँ, निराश स्वरमा गंगाप्रसादले पीडा व्यक्त गरे। त्यो समयमा केरलाकै एउटा संस्थामा उनी कार्यरत थिए र श्रीमतीसँगै त्यही बस्दै आइरहेका थिए। त्यसकारण पनि राम्रो अस्पताल छानेर उनी त्यहीँ गएका थिए ।

अस्पतालमा कृष्णकै जस्तो अवस्था भएका अन्य ४० जना बालबालिका पनि थिए र ती सबैका बुबाआमाको अवस्था गंगाप्रसाद र आमा राधाको जस्तै, निराश, निरीह, थोरै आश र डर थियो । उपचार अगाडि बढाउनु अघि डाक्टरले भनेको एउटा वाक्यले गंगाप्रसादलाई अझै कमजोर बनाएको थियो। डाक्टरले भनेका थिए, 'इन्जेक्सन लाउँदा बाबु रोयो भने बाच्छ, नभए बाँच्दैन ।' आमालाई झन् पीडा हुन्छ भनेर यो कुरा गंगाप्रसाद आफूसँग मात्र राखे । श्रीमति राधालाई भनन् ।

डाक्टरको कुराले गंगाप्रसादमा छोरा बाँच्छ कि भन्ने थोरै आशा थियो । त्यही आशमा छोराको रुवाइ सुन्न उनी आतुर पनि थिए । पहिलो सुइ लाग्यो, छोरा रोए । गंगाप्रसाद र राधा पनि रोए। महिनौदेखि भारी भएको उनीहरूको मन छोराको रुवाइमा हलुङ्गो भयो । 'बाबुलाई इन्जेक्सन लाउँदा पहिलो इन्जेक्सनमै रोयो, अस्पतालको हलै थर्काउने गरेर । उनले रुँदा त सबथोक पाए झैँ लाग्यो उनले,' त्यस बेलाको घटना सम्झदै उनले भने ।

कृष्णको बाँकी उपचार सोही अस्पतालमा चलिरह्यो । तर १ वर्षको हुँदासम्म पनि उनको हातखुट्टा नचलाउँदा डाक्टरहरूले उनको हड्डीको परीक्षण गरे । परीक्षणबाट कृष्णलाई गर्भबाटै पोलियो लागेको खुल्यो। कृष्ण ३१ वर्षको भएपनियो कुरा गंगाले आजसम्म श्रीमतिलाई भनेका थिएनन्। राधाले पनि कृष्णलाई गर्भबाटै पोलियो भएको कुरा आफ्ना श्रीमानले मध्यान्हसँग कुरा गरिरहँदा मात्र थाहा पाइन्। 'बाबु ४ वर्षमा हिड्छ, ५ वर्षमा हिड्छ' भन्दै गंगले राधालाई सान्त्वना दिइरहे । तर उनी कहिल्यै हिँडेनन् ।

उपचार हुन्छ भनि उनीहरूले कृष्णलाई केरलाबाट काठमाडौं ल्याए। सम्भव भएन। अपाङ्गता केन्द्रमा राख्ने कुरा पनि भयो तर राधाले मानिनन् । त्यसपछि उनीहरू गैंडाकोट फर्किए। १ वर्षसम्म घरमै डाक्टर बोलाएर कृष्णको उपचार पनि गरे । फरक नपरेपछि उपचार रोकियो र घरेलु स्याहार-सुसारमा उनी हुर्किन थाले। राधालाई भने लागिरह्यो, 'मेरो छोरा पनि अरुका छोराछोरी जस्तै गरी हिडिँदिए, दौडिदिए, खाइदिए, पढिदिए हुन्थ्यो ।' तर कृष्ण कहिल्यै सामान्य बालबच्चा जस्ता भएनन्। यसैलाई स्वीकारे गंग र राधाले ।

शरीरले गर्ने काम सामान्य मानिस जसरी कृष्णले गर्न नसक्लान् । तर अहिले उनको चेतना र चलाखीले गरिरहेको काम कतिपय सामान्य मानिसले पनि गर्न सक्दैनन् ।

२०७२ देखि ह्वीलचेयरमै राखेर पुराना पत्रिका, बदाम, फर्सीका मुन्टा, मकै बेच्दै कृष्णले जिविकोपार्जन गरिरहेको छ। भन्छन्, 'अपाङ्ले समाङ जस्तै काम गरेर खानुपर्छ भनेर मैले व्यवसाय गरेको हुँ ।'

सुरुका दिनमा भने 'अपाङ् भएका व्यक्तिले के गर्ला, कति दिन बेच्दो रैछ हेरौंला', लगायतका कुरा पनि कृष्णले सुने। तर कसैको कुराको परवाह नगरेर उनी आफ्नो काममा निरन्तर लागि रहे । उनको सहजताका लागि गंगले इलेक्ट्रिक ह्वीलचेयर पनि किनिदिएका छन् भने फिनेल हार्पिकहरू पनि उनले नै राखिदिएका हुन् । कृष्णले आफ्नो खर्च आफै जुटाउँछन् र दैनिक बचत पनि गर्छन् । अपाङ्ग छ भनेर कसैले सित्तैमा पैसा दिन खोज्दा उनी लिँदैनन्। बरु आग्रह गर्छन्, 'म मागेर खान्न, सामान किन्नु, त्यसको पर्ने पैसा दिनु, एउटै सामान लगेर भएपनि मलाई सहयोग गर्नु ।'

एउटा आँटिलो सन्तानको रूपमा कृष्ण चिनिन्छन् । यही आँटले कृष्ण अहिले नगरस्तरीय अपाङ्ग संघको अध्यक्ष पनि भएका छन् । मैत्री सामुदायिक विकास प्रतिष्ठानको उपाध्यक्ष पदमा पनि उनी छन् । योसँगै गैंडाकोटबाटै साप्ताहिक रूपमा प्रकाशित हुने 'विजय खबर'को वितरकको पनि काम गर्छन्। 'अपाङ्ग हुँ भन्दै आफूलाई कमजोर सोचेर घरमै थन्केर नबस्न र मागेर पनि नहिँड्न उनको सुझाव छ। हिम्मतका साथ केही गर्न खोजे सामान्य मानिस जस्तै बाँच्न सकिन्छ भन्ने उदाहरण पनि उनी बनेका छन्। आगामी दिनमा अझै प्रयास गरेर समाज सेवा गर्ने उनको विचार छ । उनको यो स्वभाव र जीवन भोगाइ हेर्दा अप्ठ्यारो छ । तर उनी यसलाई सरल यात्राको रूपमा लिएर अनवरत हिँडिरहेका छन् ।

**किट...**

तर, परीक्षण किट र आवश्यक पूर्वाधार अभावका कारण उनीहरूको काम सीमित भएको छ। स्वास्थ्यकर्मीहरूका अनुसार पीसीआर परीक्षणमा समय लाग्ने र परीक्षणको संख्या सीमित भएकाले वास्तविक जोखिमको मूल्यांकन गर्न गाह्रो भइरहेको छ ।

पूर्वतयारीको कमी, परीक्षण सामग्रीको अभाव र सीमामा मानिसको उच्च चहलपहलबिच सङ्क्रमण फैलिनसक्ने जोखिम भने कायमै छ । सीमावर्ती क्षेत्रका स्थानीय बासिन्दा सङ्क्रमणको सम्भावित जोखिमप्रति चिन्तित छन् ।

स्वास्थ्यकर्मीहरू यसअघि सीमाबाट सुरु भएको सङ्क्रमण देशव्यापी बनेको उल्लेख गर्दै यसपटक महामारीले डरलाग्दो रूप लिन नदिन अहिले नै तयारी गर्नुपर्ने बताउँछन् ।

भारतबाट कञ्चनपुरको गौरीफन्टा नाकामा भएर आएका २ पुरुष र १ महिला गरी ३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

भारतबाट आएका ३७ जना नेपालीमा एन्टीजेन परीक्षण गर्दा ३ जनामा कोरोना पोजेटिभ देखिएको हो।

कोराना संक्रमण पोजेटिभ हुनेमा कञ्चनपुरका १ जना, कैलालीका १ जना र अछामका १ जना छन् । उनीहरू भारतको दिल्ली, गुजरात र पञ्जाबबाट आएका थिए । उनीहरूलाई होम आइसोलेसनमा बस्न आग्रह गरिएको छ । उनीहरूको पीसीआर परीक्षणका नमूना काठमाडौं पठाइएको छ ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका महामारी सम्पर्क व्यक्ति हेमराज जोशीले भने, 'भारतमा सङ्क्रमण बढिरहेको छ, खुला सिमानाकाका कारण सुदूरपश्चिममा पनि सङ्क्रमणको जोखिम बढेको छ।'

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभागले सङ्क्रमणको महामारी निम्तनसक्ने सम्भाव्यतालाई मध्यनजर गर्दै मातहातका कार्यालय, अस्पताल र प्रयोगशाला तयारी अवस्थामा रहन निर्देशन दिएको छ । तर, नाकामा परीक्षणका लागि किट नहुँदा परीक्षण हुन नसकेको स्वास्थ्य कार्यालयको भनाइ छ । जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख ओमप्रकाश जोशीले कोभिड परीक्षणका लागि किट अभाव रहेको जानकारी दिए । 'गड्डाचौकी नाकाबाट नेपाल आउनेको सङ्ख्या बढेको छ, नाकामा रहेको रहेको हेल्थ डेस्कबाटसमेत कोभिड परीक्षणको किट माग भएको छ', उनले भने, 'हामीसँग किट छैन ।'

भारतमा शुक्रबारसम्म कोभिड-१९ का सक्रिय संक्रमितहरूको संख्या ५ हजार नाघेका छन्। भारतको स्वास्थ्य मन्त्रालयले शुक्रबार जारी गरेको तथ्यांक अनुसार देशमा कोभिड-१९ का कुल ५,३६४ सक्रिय केस पुष्टि भएका छन् ।

भारतमा धेरैजसो केस केरलामा पुष्टि भएका छन्। केरलापछि गुजरात, पश्चिम बंगाल र दिल्लीमा सबैभन्दा बढी केसहरू रिपोर्ट गरिएका छन् । मन्त्रालयका अनुसार यस वर्ष हालसम्म देशमा कोरोनाका कारण ५५ जनाको मृत्यु भइसकेको छ ।

**पर्सामा सतर्कता**

कोभिडको सम्भावित जोखिमलाई दृष्टिगत गर्दै पर्सासँग सीमा जोडिएका नाकामा जाँचलाई प्रभावकारी बनाइने भएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले भारत तथा नेपालका विभिन्न स्थानमा कोभिडका सङ्क्रमित बिरामी देखापरेकाले कोभिडको सम्भावित जोखिमलाई दृष्टिगत गर्दै सीमा क्षेत्रमा स्वास्थ्य सतर्कता अपनाइएको छ ।

'भारतीय भूमिबाट प्रवेश गर्ने यात्रुहरूलाई लक्षित गरी स्थापना गरिएको हेल्थ डेस्कलाई थप प्रभावकारी बनाउने, आवश्यकताअनुसार उक्त हेल्थ डेस्कमा सुरक्षाकर्मीलगायत जनशक्ति समेत खटाई व्यवस्थित रुपमा स्क्रिनिङ गर्ने व्यवस्था मिलाउने निर्णय भएको छ', उनले भने ।

**अन्तर्राष्ट्रिय...**

भण्डारीको सचिवालयले जनाएको छ। सचिवालयका अनुसार मन्त्री भण्डारीले जेठ २६ गते प्लेनरी सेसनलाई विशेष सम्बोधन गर्ने कार्यक्रम रहेको छ । सोही दिन अन्तर्राष्ट्रिय श्रम संगठनका महानिर्देशक गिल्बर्ट एफ. हाउङबो र मन्त्री भण्डारीबीच द्विपक्षीय छलफल गर्ने कार्यक्रम रहेको छ । त्यस्तै, साउदी अरेबियाको अन्तर्राष्ट्रिय मामिला उपमन्त्री डा. तारिक अल हमदसँग नेपाल र साउदी अरबको श्रमसम्बन्धी विषयमा द्विपक्षीय छलफल गर्ने कार्यक्रम रहेको छ ।

मन्त्री भण्डारीले साइडलाइन छलफलका क्रममा अन्तर्राष्ट्रिय श्रम संगठनका सहायक महानिर्देशक सुश्रीमिया सेप्पोसँग पनि सामाजिक सुरक्षाको विषयमा छलफल गर्ने समय तय भएको बताइएको छ ।

त्यसै गरी, स्विस श्रम निर्देशनालयका प्रमुख, आर्थिक मामिलाका लागि राज्य सचिवालय (सेको) जेरोम कोसान्डेसँग मन्त्री भण्डारीले द्विपक्षीय छलफल गर्ने कार्यक्रम तय भएको छ ।

मन्त्री भण्डारीले जेठको २७ गते मलेसियाका मानव संशाधन मन्त्री स्टेभन चीम कोङसँग भेटघाट र छलफल गर्ने कार्यक्रम रहेको छ भने अन्तर्राष्ट्रिय आप्रवासन संगठनका महानिर्देशक सुश्रीएमी पोपसँग पनि आप्रवासनका विषयमा द्विपक्षीय छलफल हुने निजी सचिवालयले जनाएको छ ।

त्यस्तै, मन्त्री भण्डारीले जेठ २८ गते जर्मनको बर्लिनमा हुने बालश्रमविरुद्धको विश्व दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम तय भएको छ। उनले जेठ २९ मा हुने सामाजिक न्यायसम्बन्धी विश्वव्यापी गठबन्धनको कार्यक्रमलाई विशेष सम्बोधन गर्ने कार्यक्रम रहेको छ। जेठ ३० गते सभाको प्लेनरी सेसनको समापन सत्रमा सहभागी भइ मन्त्रीको भ्रमण टोली स्वदेश फिर्ता हुने कार्यक्रम रहेको छ।

**वैदेशिक...**

गाउँपालिका-४ घर भइ हाल काठमाडौं महानगरपालिका-२६ गोंगबु बस्ने ३४ वर्षीय मोहन पोखरेल पक्राउ परेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

विदेशमा आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागि विभिन्न देश लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखी विदेश नपठाइ सम्पर्कविहीन भएकोमा पीडितहरूले दिएको उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको उनले बताए ।

पक्राउ परेकामध्ये बरुवालले युके पठाउने भन्दै ७ जनाबाट ३२ लाख ३५ हजार र पोखरेलले १ जनालाई पोल्याण्ड पठाउने भन्दै १० लाख लिएको खुल्नमा आएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको पनि सूचना अधिकारी आचार्यले जानकारी दिए ।

सम्मरीमाई गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
फरेना, रुपन्देही

**बोलपत्र स्वीकृत गर्ने गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः- २०८२।०२।२३)

यस कार्यालयबाट मिति २०८२/०१/०३ गतेका दिन आह्वान गरिएको तपशिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरुमध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतीको लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

**तपशिल**

| S. N. | Contract Identification No. | Name of Contract | Name of Lowest Evaluated Substantially Responsive Bidder | Bid Price of Lowest Evaluated Substantially Responsive Bid (excluding VAT and PS) |
|---|---|---|---|---|
| | 14/SRM/NCB/Works/081/082 | Construction of RCC School Building at Sammarimai-07, Ramnagar, Rupandehi | Satya Construction, Bijaynagar-03. Rupandehi | Nrs. 57,60,061.34 |

प्रमुख प्रशासकीय अधिकृत

**मोदी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पातिचौर, पर्वत**
**गण्डकी प्रदेश, नेपाल**

**आशयको सूचना बारे**

**(प्रकाशित मिति २०८२/०२/२४)**

यस कार्यालयबाट मिति २०८२/०१/२४ गते राष्ट्रिय दैनिक पत्रिका तथा विद्युतिय माध्यममा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको देहाय बमोजिमको निर्माण कार्यको लागि निर्धारित मिति र समयमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) को प्रयोजनका साथै सम्बन्धित सबैको जानकारीको लागि आजैका मिति देखि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्बजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**तपशिल**

| क्र.स | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रु. (मू.अ.क. र पि.एस समेत) | कैफियत |
|---|---|---|---|---|
| 1 | Rati Sinchai Nahar Nirman Modi-6, Tilahar (Contract no:- 05/MRM/NCB/WORKS/2081-82) | श्री सिक्स ब्रदर्स कन्सट्रकसन, मोदी:-०६, तिलाहार, पर्वत | रु. ६४,३६,५११.७६ | |

**प्रमुख प्रशासकिय अधिकृत**

# तत्कालीन जिल्ला शिक्षा अधिकारीसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस**–अख्तियार दुरूपयोग अनुसन्धान आयोगले खोटाङका तत्कालीन जिल्ला शिक्षा अधिकारी ज्ञानमणि नेपालसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। खोटाङको दिप्रुङ चुईचुम्मा गाउँपालिका-७ स्थित श्री कृष्णा उच्च माध्यमिक विद्यालयको भवन निर्माणका क्रममा अनियमितता गरेको आरोपमा तत्कालीन जिल्ला शिक्षा अधिकारी नेपालसहित ९ जनाविरुद्ध शुक्रबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको हो।




अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार विद्यालय भवन निर्माणका लागि विनियोजन रकममा अनियमितता गरेको भन्ने उजुरीका आधारमा अनुसन्धान हुँदा फिल्डमा हुँदै नभएको कार्य भएको भनी रकम निकासा गरी २५ लाख ५० हजार रकम दुरूपयोग गरेको अख्तियारको ठहर छ।

आयोगले नेपालसहित जिल्ला शिक्षा कार्यालय खोटाङका तत्कालीन इन्जिनियर बृधन यादव र सब इन्जिनियर शिवराज राई,तत्कालीन लेखा अधिकृत भुवन प्रसाद आचार्य र लेखापाल सुरेश कुमार श्रेष्ठ मुद्दा दायर गरेको हो। यसैगरी आयोगले श्री कृष्ण उच्च माध्यमिक विद्यालय टेम्माका तत्कालीन प्रधानाध्यापक खेमराज मगर, सोही विद्यालयका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टिकाराम राई र हरिनारायण राई र विद्यालयको भवन निर्माण गर्ने व्यक्ति जय प्रसाद राईलाई विपक्षी बनाउँदै मुद्दा दायर गरेको हो। उनीहरूविरुद्ध २५ लाख ५० हजार बिगो र सजायको माग गरिएको छ।भवन निर्माणको कार्यमा इष्टिमेट अनुसार गुणस्तरको सामग्री प्रयोग नभएको,ढकालनको बिमा चर्केको र फिनिसिङ नभएको एवं भवन पठनपाठन गर्न अयोग्य रहेको देखिएता पनि उक्त विद्यालयको निर्माण कार्यको जिम्मेवारी बहन नै नगरी विद्यालयको खातामा रहेको र कम निकासा गर्न नापी किताब तथा मूल्यांकन प्रतिवेदन समेत हस्ताक्षर गरी २५ लाख ५० हजार रकम निकासा गरेको अख्तियारको दावी छ।

यसैगरी उनीहरूले फिल्डमा हुँदै नभएको कार्य नापी किताबमा समावेश गरी ४१ लाख २० हजार ४२८ रकमको मूल्यांकन प्रतिवेदनलाई सदर गरेको र गुणस्तरहीन कार्य भएको भनी प्राविधिक प्रतिवेदनमा उल्लेख भएको हुँदाहुँदै सो कार्य सुधार नगरी बजेटको अति आवश्यक रहेको देखाइ झुट्टा बिल भरपाईका आधारमा रकम निकासाको लागि सदर गरी २५ लाख ५० हजार बराबरको रकम आफूलाई लाभ र सरकारलाई गैरकानुनी हानि पुर्‍याउने बदनियतले कार्य गरेको अख्तियारको आरोप -पत्रमा उल्लेख छ।

**दोहोरो र तेहोरो सुविधा लिनेविरुद्ध भ्रष्टाचार मुद्दा**

लामो समय सरकारी कर्मचारी र पत्रकारिता पेशामा संलग्न रामेछापको मन्थली नगर विकास समितिमा कार्यरत नायब सुब्बा टिकाप्रसाद भट्टले दोहोरो र तेहोरो सुविधा लिएको अभियोगमा विशेष अदालतमा मुद्दा दायर भएको छ। कर्मचारीको रूपमा काम गर्दै पत्रकार, सहकारी सञ्चालक र विज्ञापन एजेन्सी व्यवस्थापकको भूमिकामा दोहोरो र तेहोरो सुविधा लिएको पुष्टि भएपछि उनलाई मुद्दा लगाइएको हो।

अस्थायी नायब सुब्बाको रूपमा कार्यरत भट्टले खरिदारबाट नायब सुब्बा पदमा बढुवा लिनुका साथै स्थायी कर्मचारीसरह गैरकानूनी रूपमा ग्रेड सुविधा लिएको, अनिश्चितकालीन म्याद थप गरेको र बढुवा भएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो। उक्त उजुरीमाथि अनुसन्धान गर्दा कैफियत भेटिएपछि अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको हो।

भट्टको सरकारी नियुक्तिका लागि दिएको निवेदन, शैक्षिक योग्यता र कार्यसम्पादनको स्तर हेरेर बढुवाको राय पेश गरिएको थियो। तर, बढुवाका लागि खटिएको कार्यदलले कुनै प्रक्रिया पूरा नगरी खरिदारबाट नायब सुब्बा पदमा बढुवा गरेको पाइएको छ। भट्ट २०५३ सालदेखि कान्तिपुर पब्लिकेशनमा विभिन्न पदमा कार्यरत थिए। २०६७ मा कान्तिपुरको पूर्णकालीन स्थायी कर्मचारीको नियुक्ति लिएर नियमित तलब र सुविधा लिएको भेटिएको छ।

मन्थली नगर विकास समितिमा कार्यरत भट्टले कार्यालय समयबाहेक अतिरिक्त समयमा अन्य पेशा वा व्यवसाय गर्न अनुमति नलिई विभिन्न काम एकैसाथ गरेको पाइएको छ। उनलाई यस्तो कार्यमा सघाउने र मिलेमतो गर्ने पुष्टि भएपछि अख्तियारले भट्टसहित ६ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको छ। आयोगले तत्कालीन कार्यालय प्रमुख अमरबहादुर थापासहित ६ जनाविरुद्ध कमिसन लिएको, गैरकानूनी लाभ र हानि पुर्‍याएको, गैरकानूनी व्यापार व्यवसाय गरेको, सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गरेको अभियोग लगाएको छ।

आयोगले भट्टसहित सघन सहरी तथा भवन निर्माण आयोजना, रामेछापका तत्कालीन कार्यालय प्रमुख थापा, नारायणप्रसाद भण्डारी, सुरेशकुमार वाग्ले, तत्कालीन लेखा प्रमुख यमलाल बेल्वासे र सुरेशप्रसाद दाहालविरुद्ध मुद्दा दायर गरेको हो।

अख्तियारले भट्टविरुद्ध १ करोड १५ लाख ४ हजार १११ रुपैयाँ गैरकानूनी लाभ प्राप्त गरेको अभियोग लगाएको छ।

# बरहवातालमा मनसुनजन्य विपद् प्रतिकार्य अभ्यास

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ जेठ



मनसुनपूर्व तयारीका क्रममा रौतहटमा मनसुनजन्य विपद् प्रतिकार्य अभ्यास सम्पन्न भएको छ। जिल्ला विपद् व्यवस्थापन समिति रौतहटको समन्वयमा गौर नगरपालिका ४ स्थित बरहवा तालमा आयोजना गरिएको उक्त अभ्यासमा सुरक्षा निकायसहित विभिन्न सरोकारवालाको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाली सेना नारायण दल गणका प्रमुख,जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक नेत्रमणि गिरी, प्रजिअ बिनोद खड्का, सहायक प्रजिअ किरण निधि तिवारी, सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हे.क्वाका प्रहरी उपरीक्षक सन्तोष बस्नेत, गौर ट्राफिकका प्रमुख दिपेन्द्र कुमार झा, राष्ट्रिय अनुसन्धान कार्यालय गौरका प्रमुख अनुसन्धान अधिकृत मायाशंकर सिंह, रेडक्रस सोसाइटी, स्थानीय तहका प्रतिनिधि, संचारकर्मी, रौतहट डेभलपमेन्ट सेन्टर आर डिसी, माण्डवी संस्था लगायतका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

सुरक्षा तथा उद्धार क्षमताको परीक्षण र तालमेल अभिवृद्धि गर्ने उद्देश्यले आयोजित अभ्यासमा आगलागी नियन्त्रण, इम्प्रोभाइज्ड उपकरणको प्रयोग गरी खोज तथा उद्धार कार्य, मोटरबोट तथा पुलमार्गबाट उद्धार प्रदर्शन जस्ता विविध अभ्यासहरू संचालन गरिएको थियो। साथै भत्किएको संरचना खोज र उद्धार तथा फायर फाइटिङ सम्बन्धी सामग्रीहरूको पनि प्रदर्शनी गरिएको थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्का, जिल्ला समन्वय समिति सभापति राम अयोध्या राय यादव, गौर, राजदेवी तथा दुर्गाभगवती गाउँपालिकाका प्रमुखहरू, नेपाली सेनाका गणपति सेनानी लेखनाथ कटुवाल, जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक नेत्रमणि गिरी, तथा सशस्त्र प्रहरी गणपति स.प्र.उ. सन्तोष कुमार बस्नेतको पनि उपस्थिति रहेको थियो। उक्त अभ्यासमा २०० देखि २५० जनासम्मको उपस्थिति रहेको थियो।

मनसुनका समयमा आउने बाढी, डुबान, पहिरो लगायतका प्राकृतिक प्रकोपका जोखिमलाई न्यूनीकरण गर्न तथा आपतकालीन अवस्थाका लागि तयारी अभिवृद्धि गर्न यस्ता अभ्यासहरू अत्यन्तै महत्वपूर्ण हुने विज्ञहरूको भनाइ छ।

# २ सय जनालाई तालिम र १ सय १३ जनालाई प्रविधि हस्तान्तरण

**नविन श्रेष्ठ/मध्यान्ह**
सिन्धुली, २३ जेठ



नेपालमा नै रोजगार सृजना गर्न उद्योग वाणिज्य कार्यालय सिन्धुलीले २ सय जना युवालाई तालिम र १ सय १३ जनालाई प्रविधि सहयोग प्रदान गरेको छ।

सिन्धुलीमा सञ्चालन भएका साना तथा लघु उद्यमीहरुलाई क्षमता विकास गरी आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले २ सय जनालाई तालिम प्रदान गरिएको हो। सिलाइ कटाइ, मूडा बुन्ने तालिम, अचार बनाउने तालिम, ढाका र मखमलको चप्पल बनाउने तालिम, मादल तथा डम्फु बनाउने तालिम र कृष्टलका माला बनाउने तालिम जस्ता व्यवसायिक तालिम प्रदान गरिएको उद्योग वाणिज्य कार्यालय सिन्धुलीका प्रमुख ध्रुव ढकालले जानकारी दिए।

दुधौली र कमलामाई नगरपाकिलामा ३/३ वटा, फिक्कल गाउँपालिकामा २ वटा र हरिहरपुरगढी, मरिण सुनकोशी र तीनपाटन गाउँपालिकामा १/१ वटा तालिम संचालन भएको प्रमुख ढकालले जानकारी दिए। तालिमबाट दक्षता हासिल गरेपछि साना उद्यमीको आयआर्जनमा वृद्धि हुने अपेक्षा राखिएको छ। प्रविधि सहयोग हस्तान्तरणका लागि १ सय ७४ वटा निवेदन परेकोमा यस वर्ष १ सय १३ जनालाई सहयोग हस्तान्तरण गरिने भएको छ। व्यवसाय सञ्चालन गरिरहेका तर प्रविधिको अभावमा व्यवसाय विकास गर्न नसकिरहेका साना व्यवसायीलाई प्रविधि हस्तान्तरण गरिन लागिएको प्रमुख ढकालले बताए। कृषि व्यावसायका लागि हाते ट्याक्टर, पानी तान्ने मोटर, गाईलाई बस्न मिल्ने म्याट, टनेल घर, मौरी घार जस्ता प्रविधि हस्तान्तरण गरिने प्रमुख ढकालले बताए।

५० प्रतिशत अनुदान सहयोग हालसम्म ३९ जनाले लिइ सकेको र ४१ जनाले सम्झौता गरेको कार्यालय प्रमुख ढकालले बताए। प्रविधि सहयोग हस्तान्तरणको लागि यस आर्थिक वर्षमा ३० लाख बजेट रहेको कार्यालयले जनाएको छ।

# मैथिली विकास कोषको भवन उद्घाटन




**जनकपुरधाम/मस**–जनकपुरधाममा मैथिली विकास कोषको भवनको विधिवत् उद्घाटन भएको छ। नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले शुक्रबार भवनको उद्घाटन गरेका हुन्। मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको आर्थिक सहयोगमा भवन निर्माण सम्पन्न भएको हो। मधेश प्रदेश सरकारको ७ करोड रुपैयाँको लगानीमा भवन भनेको हो। यस भवनमा मिथिलाको कला र संस्कृति झल्काउने कलाकृतिहरूले राखिएको छ। यस भवनलाई मैथिली भाषा, कला संस्कृतिको विकास सम्वर्द्धन तथा आर्थिक उपार्जनका लागि प्रयोग गरिने मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले बताए। जनकपुरधाम-८ मा निर्मित कोषको भवनबाट मिथिला चित्रकला, हस्तकला र मूर्तिकलालाई विशेष रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले कोषको भवनमा यी कलाहरूको प्रशिक्षण, प्रदर्शन र बिक्री वितरणको समेत बन्दोबस्त मिलाइने पनि उनले बताए। भवनमा ४ सय जना एकै पटक बस्न मिल्ने सुविधा सम्पन्न राजर्षि जनक बैठक कक्ष बनाइएको छ भने अन्य कक्षहरुलाई पनि मिथिलाका विभूतिहरूको नाम दिइएको छ। जसमा मैथिली भवन, विद्यापति कक्ष (अध्ययन तथा अनुसन्धान केन्द्र), जानकी कक्ष (संग्रहालय), डा. धीरेन्द्र कक्ष (प्रशिक्षण तथा वृत्तिविकास), सलहेस कक्ष (आर्ट गैलरी), राजर्षिजनक सभाकक्ष, दिनाभद्री कक्ष, शास्त्री कक्ष (सञ्चार तथा प्रविधि), याज्ञवल्क्य कक्ष, मिथिला शहिद कक्ष लगायतका १५ वटा कक्षहरू छन्।

मिथिलामा लोप हुदैं गइरहेका पारम्परिक वस्तुहरू जस्तै काठको सन्दुक (बाकस), धान कुट्ने ढेकी, उखर समाठ, धान राख्ने कोठी, भखारी, माटोको चुल्हो लगायतका सामग्रीहरूलाई समेत कोषको भवनमा अवलोकनका लागि राखिएको छ।

# उपत्यकाको नदी स्वच्छ बनाउन साढे ३ अर्ब लाग्ने



**काठमाडौं/मस**-उपप्रधान एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले उपत्यकाका नदी स्वच्छ बनाउन र करिडोर सडक स्तरोन्नतिका लागि आगामी आर्थिक वर्षको बजेटले प्राथमिकता दिएको बताएका छन्। काठमाडौं उपत्यका विकास प्राधिकरणले आज गोकर्णेश्वर-५ बागमती करिडोरमा आयोजना गरेको वृक्षारोपण कार्यक्रममा उनले सहरी विकास मन्त्रालयले बागमतीसहित उपत्यकाका नदी स्वच्छ बनाउन ३ अर्ब ४२ करोड विनियोजन गरेको बताए। मन्त्री सिंहले वातावरण संरक्षण गर्ने जिम्मेवारी सबैको साझा दायित्व भएको उल्लेख गर्दै वातावरण संरक्षणमा सबैको भूमिका महत्वपूर्ण हुने धारणा राखे।

बागमतीलाई सफा र स्वच्छ बगाउन आफूले मन्त्रालय सम्हालेको दिनबाटै चासो दिएको भन्दै उनले बागमतीसहित उपत्यकाका विष्णुमती, धोबीखोलालगायत सबै नदीलाई ढलमुक्त बनाउने गरी काम भइरहेको बताए। सहरी विकास मन्त्रालयमार्फत ४० करोडभन्दा बढी योजना गोकर्णेश्वर नगरपालिकाका लागि विनियोजन भएको नगरप्रमुख दीपक रिसालले बताए।

## हेलम्बु र बडीमालिका पूर्ण खोप सुनिश्चित पालिका

**काठमाडौं/मस**-सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका र बाजुराको बडीमालिका नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको छ। हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पाले पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरेका हुन्।

अध्यक्ष शेर्पाले गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा ठुलो योगदान पुर्‍याएको बताए। प्रमुख प्रशासकीय अधिकृत राजुभाइ श्रेष्ठले स्थानीय तहले दायित्व निर्वाह गर्दै जनस्वास्थ्य प्रवर्द्धनमा देखाएको प्रतिबद्धता सराहनीय रहेको बताए।

स्वास्थ्य मन्त्रालयले तय गरेका मापदण्डहरू पूरा गरेपछि बडीमालिका नगरपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख टेक बहादुर खड्काले बताए।

नगरपालिकाका सबै बालबालिका पूर्ण खोप सेवाको पहुँचमा पुगेका छन्।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१२/०९ मा दर्ता भएको **प्रा.लि. नं. २८७२५७/०७८/०७९** को **धरान रियल स्टेट** को मिति २०८२/०२/२३ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस **WORKIN EURO PVT.LTD. (श्रम ईजाजत पत्र नं. १७१७/०८१/०८२)** मा कार्यरत निम्न कर्मचारीहरु यस कार्यालयबाट हटाईएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनुहुन यसै सार्वजानिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ। यदि यसो गरे गराएमा यस प्रा.लि.जिम्मेवार हुनेछैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि.मा वा वैदेशिक रोजगार बिभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | Dhan Bahadur Pulami | 1634 | Manager |
| २. | Madan Kumar Esmaly | 1497 | Liasion Officer |
| ३. | Dil Kumari Shrestha | 243024/244 | Office Assistant |

**WORKIN EURO PVT.LTD.**
Jadibuti-32, Kathmandu. Call Us:+977-1-5922792.
Gov Lic No: 1717/081/082

**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, कञ्चनपुर**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२४**

यस कार्यालयबाट मिति २०८१/१२/२५ गतेको "कारोवार" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित इ-बिड मार्फत बोलपत्र आवहान सम्बन्धि सूचना **08-IDOKAN/081/82** अनुसार रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सफल भएका तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्रको आर्थिक प्रस्ताव मिति २०८२/०३/१ गतेको दिन ठिक १३:०० बजे पूर्वाधार विकास कार्यालय, कञ्चनपुरमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावलि २०६४ (चौधौ संसोधन २०८२ समेत) को नियम ३१ज को उपनियम (५) र (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N | Contract ID | Description of Works | Technical Proposal Successful Bidder |
|---|---|---|---|
| 1 | IDOKAN/W/NCB/081/82-73 | Construction and Upgrading of Shuklaphata Ring Road (Bansamiti-Kasraul-Simalphata-Beldandi-Kaluwapur) Road, Kanchanpur | M/s Tiger- KR J.V., Kathmandu<br>M/s Shubham -SNS-BP J.V., Kailali<br>M/s Ratala/Bedkot JV, Kanchanpur<br>M/s New Ugratara Nirman Sewa, Kanchanpur<br>M/s National Construction Pvt Ltd, Kanchanpur |
| 2 | IDOKAN/W/NCB/081/82-74 | Construction & Upgrading of Garjamuni pilap chautara- purwa gangasagar boring - sasatra prahari talim maidan - khanepani karyalay - 5 no ward karyala - shivsankar ma bi garjamani - khajuwa chauraha - 4 no ward karyalay - laxmipur - bansaha hudai kaluwapur -belauri jodne road, Shuklaphata, Kanchanpur | M/s Tiger- Karma J.V., Kathmandu<br>M/s Shubham -SNS-BP J.V., Kailali |
| 3 | IDOKAN/W/NCB/081/82-75 | Construction & Upgrading of Mahendra Rajmarg - Nagarpalika Bhawan - Polkhari - Bachhela Road, Bedkot 5, Kanchanpur | M/s Shivlinga Nirman Sewa<br>M/s KBES-SKNS Joint Venture, Kanchanpur |
| 4 | IDOKAN/W/NCB/081/82-76 | Construction & Upgrading of Bhi Na Pa 13 Hattisar dekhi ward 19 Shuklaphata Rastriya Nikunja kinar samma Prayatan Sadak, Kanchanpur, | M/s New Hunainath-Padam-Deuti J/V, Kanchanpur<br>M/s Ratala/Bedkot JV, Kanchanpur |
| 5 | IDOKAN/W/NCB/081/82-78 | Construction & Upgrading of Bhasi pul dekhi Green Peace tol jane Sadak, Bhi.Na.Pa.3, Kanchanpur. Jimuwa sthita daneshwarahari Bahumukhi campus dekhi Utar chauhan Saharko pasal siddhnath tol hudai shiwatol jane Sadak Nirman, Bhi.Na.Pa.10, Kanchanpur | M/s Gyan - GK JV, Kanchanpur<br>M/s Api/SK/Kanchanpur J.V., Kanchanpur<br>M/s KBES SKNS Joint Venture<br>M/s New Ugratara Nirman Sewa, Kanchanpur<br>M/s National Construction Pvt Ltd, Kanchanpur<br>M/s DDL-Guransh JV, Kanchanpur |
| 6 | IDOKAN/W/NCB/081/82-79 | Construction & Upgrading of Jhajapura Ghatalthan dekhi musepani khola Sadak updraging Bedkot 7, Bedkot 9 joshi c`hauraha dekhi Bhi. Na.2 Jodne Sadak Nirman, Siddhanatha Mandir dekhi hulaki Rajmarga Jodne Sadak tatha Sadak Sanrachana Nirman, Bedkot 10, Kachanpur | M/s Tiger- KR J.V., Kathmandu<br>M/s NUNS/DC/CNS JV, Kanchanpur |
| 7 | IDOKAN/W/NCB/081/82-80 | Construction & Upgrading of Musepani Bohara Chauraha-jholungepul-Siradiphata-tharu basti-Shidhntha Ma.Bi. Samma Road Nirman , Bedkot 6 Kanchanpur ; Coldstore dekhi Bhindi Chauraha Rana tola hudai Mandirpur Jodne Sadak Nirman, Bedkot Na.Pa. 6, Kanchanpur | M/s Tiger- KR J.V., Kathmandu<br>M/s New Hunainath - Padam JV<br>M/s Rithgade/ Api J.V.,Darchula<br>M/s New Ugratara Nirman Sewa, Kanchanpur<br>M/s KBES - SKNS Joint Venture |

**कार्यालय प्रमुख**

कथा

# दोधारको जीवन

**भोलि बिहान ऊ फेरि उठ्नेछ– काममा जानेछ, मुस्कान देखाउनेछ । तर, उसको मन... त्यो त सधैं भुइँमान्छे भएर, कुनै खोँचमा फसेको चराजस्तै परखेटा फडफडाइरहनेछ– म फर्किऊँ कि नफर्किऊँ ?...**



■ जनक बराल

समर, पोखराको एउटा रमणीय गाउँमा हुर्केको सादा केटो । गाउँको हरियाली, फाँटको पल्लो छेउमा बग्ने खोल्सो र बिहानै गाइगोरु लिएर जाने बाआमाको व्यस्तता उसको बाल्यकालका दृश्यहरू थिए । पढाइमा होशियार, व्यवहारमा भद्र । गाउँमा एसएलसी उत्तीर्ण गरेपछि पोखराको सहरमा झरेर पढ्न थाल्यो । कोठा सँगै ७ जना साथीसँग साझा भाडामा, बिहान सस्तो चिया र रातको दालभातसँगै सुरु भयो सहरको संघर्ष ।

ब्याचलरसम्मको पढाइ पुरा गरेपछि जागिर खोज्ने नाममा समर काठमाडौं छिऱ्यो । सपना सरकारी जागिरको थियो, तर जिन्दगीले निजी म्यानपावर कम्पनीमा डेस्क सम्हाल्न लगायो । भिसा प्रक्रिया बुझ्न थालेपछि, ऊ आफैं पनि विदेश जाने सपनामा डुब्न थाल्यो ।

"अरूलाई पठाएर किन बस्ने ? आफैं जान पाए जिन्दगी फेरिन्थ्यो होला," सोच्थ्यो ।

## युरोप यात्रा र दुःखको सुरुवात

२०१५ सालमा, धेरै कागजात, ऋणपान र मनको ढुकढुकीपछि समर पोर्चुगल पुग्यो । पहिलो पाइला लिस्बनको धुलाम्मे सडकमा टेक्दा उसले स्वतन्त्रताको स्वाद पायो जस्तो लाग्यो । तर, त्यो स्वाद चाँडै नै नुनिलो पसिनामा परिणत भयो । दिनको १० घण्टा भाँडा माझ्ने, रातको पालोमा मासु काट्ने, कहिले होटल त कहिले रेस्टुरेन्ट - कामको फेरो नसकिँदो ।

शुरुका महिना त कुनै भाषा नबुझेर चुपचाप काम गर्थ्यो, तर विस्तारै पोर्चुगाली भाषा बोल्न सिक्यो । व्यवहारमा मिजासिलो भएकाले मालिकहरू उसलाई मन पराउँथे । एउटै रूममा ४ जना बस्थे, खाना साझेदारीमा, जीवन चलिरहेको थियो - कष्टकर, तर गतिशील ।

सहरको खर्च र थकाइले थिच्न थालेपछि समरले पोर्चुगलकै एक ग्रामीण क्षेत्रमा कृषि काम गर्न थाल्यो । अंगुरको बारी, जैतुनको खेत र आलु खेती - हरेक सिजनको काम सिक्यो । कामको बदलामा घर पनि कम्पनीले दिएकै थियो, सस्तो जीवन सुरु भयो । बिस्तारै केही रकम जम्मा भयो ।

त्यही बेला नेपाल आएर तनहुँकी निर्मला पौडेलसँग बिहे गऱ्यो । केही समयपछि उसले श्रीमतीलाई पनि पोर्चुगल बोलायो । सुरुमा सहरमा भए पनि, निर्मला गाउँमै बसेर स्थानीय काममा लागेकी थिई । काम, भाषा र वातावरणमा घुलमिल हुन केही समय लाग्यो, तर उनी पनि रमाउन थालिन् ।


केही वर्षपछि, छोरी जन्मिइन् । नाम राखे– सञ्जिवनी । सञ्जिवनीको जन्मसँगै समरको जीवनमा नयाँ उज्यालो छायो । उनीहरू केही समयसँगै बस्न पाए पनि, निर्मला पछि बच्चा लिएर नेपाल फर्किई । बाबु भने आफ्नै संघर्षमा अडिग ।

कहिले घर सम्झिँदै त कहिले जीवन बनाउने सपना बोक्दै समरले अन्ततः पोर्चुगलको नागरिकता पायो । त्यो नागरिकता उसलाई 'युरोपियन युनियन' भित्र स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्ने अधिकार बनेर आयो ।

"अब त केही राम्रो गर्नुपर्छ", सोच्यो ऊ । केही समयपछि ऊ डेनमार्क लाग्यो । त्यहाँ कमाइ राम्रो थियो - घन्टाको १८ युरो । तर, काम कठिन । जाडोमा घर निर्माणको काम, छतको छेउमा उभिएर कन्क्रिट हाल्नु, झ्याल झिक्नु - शरीरले भ्याएन । दुई महिना टिक्यो, तेस्रो महिनामा नै फर्कियो ।

अन्ततः बेल्जियम आइपुग्यो । अहिले ऊ ब्रसेल्स नजिकैको सानो सहरमा बस्छ । होटलको किचनमा काम गर्छ - कहिले बिहान, कहिले रात । भाषा नयाँ, तर सिक्ने बानीले उसलाई सधैं अगाडि बढायो ।

काम गरेको छ, घोटिएको छ, सपना बुनेको छ, सँगै हैरानी पनि बोकिरहेको छ ।



## गाउँको सम्झना

एक साँझ ऊ कामबाट थाकेर फर्कियो । भान्सामा बस्दा नेपाली गित बज्यो - "म त घर जान्छु आज..."

एक्कासि उसका आँखा रसाए । किचनको कुर्सीमा बसेर साथी रमेशलाई कल गऱ्यो ।

"रमेश दाइ, म पनि गाउँ फर्किऊँ कि ?"

रमेशको आवाज आयो, "के भयो ? यत्रो वर्षपछि फेरि गाउँ सम्झिएको ?" "सबै थल्थली लाग्छ दाइ । छोरो ठुलो हुँदैछ, सिता घरमा एक्लिएकी छे । यहाँ त पैसा हुन्छ, तर आत्मा छैन ।"

"फर्क र भनेको होइन समर, तर ठोस योजना बनाएर फर्क । यत्रो दुःख बेकार नजाओस् ।"

समर चुप लाग्यो । उसको मनमा बेल्जियमको तलब, पोर्चुगलको पासपोर्ट, र नेपालको घर एकसाथ तरंगिन थाले ।

बेल्जियमको त्यो जुनको साँझ, आकाश गड्याङ्गुडुङ् गरिरहेथ्यो । पानी झरिरहेको थियो, तर समरको मनभित्रको सुनसान झन् बढी गहिरिएको थियो । उसले काम सकेर थाकेको शरीर तान्दै सानो कोठामा पुग्यो । कपडा फेरेपछि मोबाइल चलायो– नेपालबाट छोरी सञ्जिवनीको भिडियो म्यासेज आएको रहेछ ।

"बाबा, हाम्ले गाई ल्याएका छौं ! आज म दुध दुहेरै स्कुल ग'को !"

त्यो सुन्यो, मुस्कान झुल्कियो, तर आँखाबाट आँसु खस्यो । छोरी हुर्किँदैछ– आफू नभएको परिवेशमा । सञ्जिवनी का पहिलो पाइला, पहिलो बोली, सबै सम्झना उनले फोनको स्क्रिनमा मात्र देखेका थिए ।

"म कुन किसिमको बुबा हुँ ?" उसले मनमनै सोध्यो ।

उसको कोठाको झ्यालबाट टाढा एलईडी बत्तिहरू टल्किरहेका थिए । तर, त्यो प्रकाश समरको मन उज्यालो पार्न सकिरहेको थिएन । बेल्जियमले उसलाई काम दिएको थियो, पैसा दिएको थियो, पासपोर्टले अधिकार दिएको थियो– तर शान्ति कहाँ थियो त ?

हातमा कफीको मग समातेर ऊ कुर्सीमा बस्यो । एउटा पुरानो फोल्डर खोलेर सिता र आफूले पोर्चुगलको गाउँमा लिएको पहिलो घरको फोटो हेऱ्यो– माटोको सुगन्ध जस्तो

*कहिले घर सम्झिँदै त कहिले जीवन बनाउने सपना बोक्दै समरले अन्ततः पोर्चुगलको नागरिकता पायो । त्यो नागरिकता उसलाई 'युरोपियन युनियन' भित्र स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्ने अधिकार बनेर आयो...*

अनुभूति भयो । अनि अर्को फोटो– नेपालको घर, आमाको निधारमा रातो टीका, भित्तामा रेखा भित्र्याएको चित्र, अनि बाल्यकालको ढिकी-जाँतो ।

"यत्रो वर्ष मैले के कमाएँ ? यूरोको थुप्रो कि सम्झनाको भारी ?" फोन झिक्यो । फेरि रमेशलाई कल गऱ्यो ।

"दाइ, मलाई एकछिन लाग्छ– जस्तो लाग्छ, युरोपमा बसेर म आफैंलाई हराउँदैछु ।"

"तँ फर्क समर । यहाँ माटो जस्तै केही छैन । अझै ढिलो भइसकेको छैन ।" तर समर चुपचाप थियो । मन दोधारमा, आँखा टोलाउँदो, हृदय भारी ।

भोलि बिहान ऊ फेरि उठ्नेछ– काममा जानेछ, मुस्कान देखाउनेछ । तर, उसको मन... त्यो त सधैं भुइँमान्छे भएर, कुनै खोँचमा फसेको चराजस्तै पखेटा फडफडाइरहनेछ– म फर्किऊँ कि नफर्किऊँ ?

यही प्रश्न, यही व्यथा, उसको जीवनको स्थायी सङ्गीत बनेको छ ।

लघुकथा

# अगुवा !



■ धनराज गिरी

"बा, के दोहोरो सद्भाव सम्भव छ ?" पुत्र विवेकको प्रश्न । उसको जीवनले पनि केही कृतघ्नहरू भोग्यो, पक्कै, यही भएर यस्तो प्रश्न गऱ्यो, पिताश्रीको अनुमान ।

फिन्लीबाट मेलबर्न जाने क्रममा गाडी चलाउँदै छोराले गरेको प्रश्न, चार वसन्तअघि । बा, साझा बा, "प्रोफेसर शीतलकुमार गणितोपाध्याय रुचाङश्री" उही सदाबहार "किशोर दा, जूनियर !"

बोल्यो, "छोरा, यहाँ केही कुराहरू अमूर्त हुन्छन्, हामी हाताहाती र प्रत्यक्षलाई मात्र विश्वास गर्छौं । उही छिमेकी गुरु मोतीलाल शर्माको 'नखाई पत्याइन्न !' भन्ने उपकथा जस्तै, सुपुत्र, देखेको र सुनेको पनि सत्य हुन्न, यथार्थले नै बढी झुक्क्याउने नि, सुन, सद्भाव दोहोरै हुन्छ, मज्जाले हुन्छ, तर मूर्त र अमूर्त । यी फेसबुके सूचनाहरू, लीलाहरू, नाटकहरूतिर नजानू । काम छैन । मूर्त सद्भाव के ? जुन हाताहाती हुन्छ, मेरा चेलाचेलीहरू तिमीहरूलाई सघाए, त्यो मूर्त हो, अमूर्त सद्भाव हुन्छ, जस्तै : मेरो एक मित्र, चिन्छौ तिमीहरूले पनि, उहिलेको कथा, झुवानीको 'धनराज सर !' एक ब्रान्ड, त्यो घनटाउकेप्रति सद्भाव राख्ने उसका चेलाचेली अनन्त, भूगोलभरि, त्यो हो जिन्दगी, अलिअलि लहडी छ त्यो जोगी, तर मायालु छ, दयालु छ ।"

छोरा, "सद्भाव खेर जान्न !"

"हो, केही अति लिच्चड स्वार्थीहरूको हकमा भने गुनले गुन खा, तँलाई म खान्छु !' भन्ने कुरा चरितार्थ हुन्छ । अनि नि पुतर, पुसको मसान्तमा पकाएर, खाने कुरा, माघे सङ्क्रान्तिको दिन खुवाए साथीले भने सक्कली सद्भाव, तर माघे संक्रान्तिमा पकाएर पुसे मसान्तमा खुवाए भने, कुरा बुझ्नू, नक्कली हो ! अभिनय पनि हुन्छ, दुनियाँमा अभिनय बढी बिक्छ ।"

"हजुरलाई सद्भाव राखेर पछि ग्लानी भएको छ कि छैन ?" छोरा ।

"छ पनि, छैन पनि", बा ।

"कस्तो कादरखानीयन शैलीको उत्तर, प्रोफेसर जगमोहन आजाद सुमेधाश्रीको जस्तो, अलि स्पष्ट भन्नू न बा", नरम भयो सुपुत्र ।

"आवेग, आशा, वेबकुफी र गलतफहमी, यी तीन मित्रहरूको फेला परेमा मैले त्यति गर्दा पनि मलाई उपेक्षा गर्ने ? भनेजस्तो लाग्छ र आफ्नो अतीतको लगानीप्रति ग्लानी हुन्छ, झोक चल्छ, सनातनी मान्छे बन्दा, औसत बन्दा ! तर, छोरा आवेगमुक्त हुन सकिन्छ । रिसलाई मार्न सकिन्छ । अपेक्षारहित हुन सकिन्छ । मेरो धर्म, कर्तव्य, मानवता, इमान, सद्भाव राख्नु हो, राखियो, आफ्नो चित्त सफा, आफैंलाई सजिलो, वास्तवमा नि छोरा, अरूप्रति सद्भाव राखेको आफ्नै उपकार गरेको हो, मनले स्थायी शान्ति पाउने पक्का ! जायज स्वार्थ चाहिन्छ, तर अति स्वार्थी बन्नुहुन्न, नाजायज लोभ गर्न हुन्न, अगुवा दर्शन प्रयोग गर्ने । यसले राहत दिन्छ । दोहोरो सद्भावको अपेक्षा नगर्ने, कदापि नगर्ने !"

कार, सेपार्टनभित्र पस्यो । विवेकको दिमागमा अगुवा नाच्यो । "बा, फेरि यो नयाँ दर्शन, अगुवा के आयो ? अभिधा त होइन, उही अधर : अमर, धनराज, रवीन्द्र अक्षत नाता, पोलर प्लञ्ज हो कि ?" विवेक बोल्यो ।

"हो, अगुवा, यहाँ व्यञ्जना हो, जरा घुमाइके, जमुनाकान्त रत्नकृष्णनन्दन बलरामपुरे, तिमीहरूको असल अंकल र मेरो बिचको सम्झौता, अगुवा : अवगुण ४९ प्रतिशत, गुण ५१ प्रतिशत भए काम चल्छ, वास्तविकता बुझ्ने, अनि मात्र कारोबार गर्ने, राम्रो म मुक्त हुने । सबै कुरा आफ्नै अनुकूल खोज्न हुन्न छोरा ! घरभित्र पनि अगुवा रोडम्याप लागु गर्नुपर्छ, जतिखेर पनि आफैंलाई केन्द्रमा राख्न हुन्न, अरूको भावना पनि बुझ्नुपर्छ । केही पनि नचाहेमा, सबै कुरा पाइन्छ । म, तिमीहरूको अगुवा बा, अचम्मसित ५८ पटक साहित्यिक सम्मान र पुरस्कारले अभिनन्दित भएँ, के यो प्राप्ति कम हो ?"

"सपना देखेर होइन, आफूसँग भएको कुरामा रमाउनुहोस् ! बाको मन्त्र, जीवनसूत्र । हरेक हालतमा सकारात्मक बन्न सकिन्छ छोरा, सकिन्छ । अरू जान्दिन, म बनेको छु, दुई/चार अति अन्याय बाहेकको अवस्थामा । सदाबहार शान्त सम्भव हुन्न । यो पनि जीवनको नियम हो । तर, एक हदसम्म सहेको राम्रो हुन्छ", प्रोफेसर बा ।

"हजुरको अनुहारको स्थायी चमकको राज त बल्ल थाहा भयो । मनराज हो हजुर, धनराज सरको किस्सा कमल दाइ, मीनाकान्तले सुनाउनुभएको थियो । भेट्न मन छ । अगुवाअब यही सूत्र प्रयोग गर्छु । ल बा, अब एक हिन्दी गीत सुन्ने ?"

छोराको फर्माइसमा प्रोफेसरले सात हिन्दी गीत गजल गायो, भिडियो बनायो । "भाइ त जिनियस ! कति कण्ठ भएको ! आम्मामा !" दिदी उमा मैनाली, हेटौंडाबाट । अर्को दिन ।

कविता

## वा..वा..रे गणतन्त्र



लक्ष्मण सिटौला

इट्टा भट्टीमा
जिउँदो ज्यान पोल्ने ज्यानमारालाई पनि
गणतन्त्रले न्याय दियो वा रे गणतन्त्र !
हत्याराहरू भ्रष्टहरू पापीहरूलाई पनि
सत्तामा पुऱ्याइदियो वा वा रे गणतन्त्र
र देश बेच्नेहरूलाई पनि
नेपाली जनताले पुजे वा वा रे गणतन्त्र !!
ठेलागाडामा
तरकारी बेच्नेलाई जेल हालिन्छ
भूमिपतिलाई भूमिसुधार मन्त्री बनाइन्छ
कानुन मिचाहालाई
न्याय मन्त्री बनाइन्छ
आखिर सबैले न्याय पाए वा वा रे गणतन्त्र !!
आफू हासेर देश रुवाउने
आफू कमाउने देश कङ्गाल बनाउने
सत्ता जोगाउन
न्यायालयलाई वेश्यालय बनाउने
इमानदारीताले हारेको मेरो देशमा
जस्लाई जे जे गर्न पनि छुट छ वा वा रे गणतन्त्र !!
न फेर्न सकियो एक सरो लुगा
न तर्न सकियो दुखको नदी
न थाम्न सकियो आँसुको बर्कान
न पुछ्न सकियो आमाको आँखा
तैपनि सबैले भनिरहेका छन् किन होला
वा वा रे गणतन्त्र !!
जसरी हिजो
पञ्चायतलाई
सुधारिएको पञ्चायती व्यवस्था भनियो
आज गणतन्त्रलाई यदि नसुधार्ने हो
र हामी नसुध्रने हो भने,
यसले हाम्रा आशा भरोसा
र समृद्धिको सपनालाई
खरानी बनाउने छ
गणतन्त्र वा वा वा हुनको लागि
बा"हरू सुध्रनु आवश्यक छ !

## अलास्का र पाइकाहरू !



गणेश लोहनी

महाभारत शृङ्खलाका सरशैय्यामा
विश्राम गरिरहेका महापराक्रमी
सर्वाधिक वयोवृद्ध
सर्वमान्य श्वेताम्बरी
कौरव सेनापति भीष्म पितामहजस्तै
सदावहार श्वेताम्बरी
अमेरिकाको सुदूर उत्तरी
सदावहार हिमाच्छादित भूखण्ड
अलास्का !
अनि सञ्चयकलामा माहुरी
र नेताहरूलाई मात गर्ने
चट्टानी कुनाकन्दराबासी
खरायो उपप्रजातिको
हिमवत्खण्डको
सुन्दर जीव पाइका
अलास्का र पाइकाहरू !
त्यस्तै, अर्को चिसो
अलास्का खाल्डो छ
जहाँ चार भञ्ज्याङ्बाट
पुच्छर नभएका
अलि फरक
जैविक प्रजातिका
पाइकाहरू! पस्ने गर्दछन्
र फर्कने जान्दैनन्
बरू तल्लीन रहन्छन्
मामली ससुराली, सालीतिरका
सात पुस्ता चचेरा, मितेरा
सन्ततिका
सत्र पुस्तालाई पुग्ने गरी
ढुकुटी भर्न
यो भानुको अलकापुरी
भूपीको चिसो आस्ट्रे
अनौठो चिसो खाल्डो
अलका स्वर्ण भूमि बनेकोको छ
पाइकाको दानवी लालची
नेपाली रूप पाइका
कठै !
अलका र नाइकाहरू !
आहा !
अलास्का र पाइकाहरू !!

# नगरप्रमुखको किर्ते हस्ताक्षर गरी प्रमुख प्रशासकीय अधिकृतलाई हटाउने प्रयास

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २३ जेठ

रौतहटको फतुवा बिजयपुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत बन्ने नियतले सरकारी कागजातमा किर्ते गरेको घटना सार्वजनिक भएको छ।

जिल्ला समन्वय समिति गौर, रौतहटमा कार्यरत छैठौं तहका कर्मचारी वकिल प्रसाद पालमाथि नक्कली सिफारिस पत्र र किर्ते हस्ताक्षर प्रयोग गरी संघीय मन्त्रालयमा सिफारिस पठाएको गम्भीर आरोप लागेको हो। कार्यवाहक नगरप्रमुख अम्बेया खातुनद्वारा जारी विज्ञप्ति अनुसार पालले फतुवा बिजयपुर नगरपालिका


कार्यालयमा कार्यरत नि.प्र.प्र. अधिकृत भरत प्रसाद यादवलाई 'प्रशासनिक तथा आर्थिक ज्ञान क्षमताको अभाव' भन्दै हटाउने प्रयासस्वरूप झुटो कागजात तयार पारेको आरोप लागेको छ।

विज्ञप्तिमा भनिएको छ, 'संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको पत्रमा कार्यवाहक नगरप्रमुखको किर्ते हस्ताक्षर प्रयोग गरी यादवलाई हटाइ वकिल पाललाई सिफारिस गरिएको देखिएको छ।'

तर कार्यालयमा हाल कार्यरत यादवले प्रशासनिक तथा आर्थिक काम सन्तोषजनक रूपमा संचालन गरिरहेको र विकास निर्माणका कार्यहरू पनि चुस्त-दुरुस्त रूपमा अघि बढिरहेको विज्ञप्तिमा उल्लेख छ।

नगरप्रमुख खातुनले उक्त पत्र न त आफूले तयार पारेको न त हस्ताक्षर गरेको भन्दै, यस कार्यमा संलग्नलाई सूक्ष्म अनुसन्धान गरी कानुनी कारबाहीको माग गरेकी छन्। साथै, जाली सिफारिस र किर्ते कागजातमार्फत संघीय मन्त्रालयमा गरिएको पत्राचार अवैध भएको भन्दै सम्बन्धित निकायहरूलाई यथाशीघ्र आवश्यक कारबाही गर्न आग्रह गरिएको छ।

आरोपित वकिल प्रसाद पाल (क.सं.नं. १८३४०९) र अन्य संलग्न पक्षहरूविरुद्ध आवश्यक अनुसन्धानका लागि गृहमन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायहरूमा जानकारी गराइएको जनाइएको छ।

# कोदालो प्रहार गरी आफ्नै बुबा र छिमेकीको हत्या

**विनोद निगम/मध्यान्ह**
सुनवल, २३ जेठ

पश्चिम नवलपरासीको सुनवल नगरपालिका-२ अवरैयामा शुक्रबार बिहान एक युवाले कोदालो प्रहार गरी आफ्नै बुबा र छिमेकीको हत्या गरेका छन्।

स्थानीय २५ वर्षीय हेमराज थारूले ५० वर्षीय बुबा जयराम थारु र छिमेकी ७० वर्षीय नाथु धरिकारको हत्या गरेका हुन्। इलाका प्रहरी कार्यालय सुनवलका अनुसार हेमराजले पहिले बुबालाई घाँटीमा कोदालो प्रहार गरेका थिए। त्यसपछि बुबालाई बचाउन आएका छिमेकी धरिकारलाई पनि उनले टाउको र घाँटीमा कोदालो प्रहार गरेका थिए। दुवैको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।



घटनापछि हेमराजलाई नियन्त्रणमा लिइएको छ र जिल्ला प्रहरी कार्यालय नवलपरासीमा राखेर सोधपुछ भइरहेको जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक (डिएसपी) बीर दत्त पन्तले बताए। घटनास्थलबाट प्रयोग भएको कोदालो बरामद गरिएको छ। हत्या किन गरियो भन्ने विषयमा स्पष्ट हुन सकेको छैन। तर प्रारम्भिक अनुसन्धानका क्रममा हेमराज मानसिक समस्याबाट ग्रस्त थिए भन्ने थाहा भएको प्रहरी स्रोतले जनाएको छ। स्थानीयहरूका अनुसार उनी केही समयअघि मानसिक रोगको उपचार गराएका थिए। दुवै मृतकको शव पोस्टमार्टमका लागि अस्पताल पठाइएको प्रहरीले जनाएको छ।

# सातै प्रदेशमा सामाजिक जागरण अभियानको संयोजक तोकियो



**काठमाडौं/मस-** सामाजिक रूपान्तरण र सचेतना अभिवृद्धिका उद्देश्यले स्थापना गरिएको सामाजिक जागरण अभियान नेपालको पहिलो बैठक शनिबार काठमाडौंमा सम्पन्न भएको छ। बैठक अभियानका अध्यक्ष डा.राजन केसीको अध्यक्षतामा बसेको थियो। बैठकमा अध्यक्ष डा.केसीले नेपालको समग्र विकासमा राजनीतिक दलहरूप्रति बढ्दो अविश्वास र सामाजिक असन्तुलनको अवस्थामा स्वतन्त्र सामाजिक संस्थामार्फत राष्ट्र निर्माणको जग मजबुत बनाउने उद्देश्यले अभियानको स्थापना गरिएको जानकारी दिए। उनका अनुसार नेपाली समाज वर्गीय, जातीय र भौगोलिक विविधताबीच एकताको सूत्रमा बाँधिन नसक्दा राष्ट्रिय प्रगतिमा अवरोध आइरहेको छ। 'राजनीतिक दलहरूले समाजको स्वाभिमानमाथि बारम्बार ठेस पुर्‍याएका छन्,' उनले भने, 'अब समाजकै भित्री चेतनालाई जगाउँदै सामाजिक लोकतन्त्रको अभ्यास आवश्यक भएको छ।'

बैठकमा पूर्वमन्त्री भीमबहादुर कठायत, पूर्वगभर्नर दीपेन्द्र बहादुर क्षेत्री, नवराज सुवेदीलगायतले सामाजिक जागरण अभियानले देशको राजनीतिक अन्योल र सामाजिक असन्तुलनको विकल्प प्रस्तुत गर्ने विश्वास व्यक्त गर्दै अभियानलाई शुभकामना दिएका थिए।

बैठकले अभियानको सांगठनिक संरचना बलियो बनाउँदै विभिन्न समिति गठन गर्नुका साथै सातै प्रदेशमा संयोजक र कार्यदल तोकेको छ। अभियानका अवधारणा परिमार्जन समितिको संयोजक डा. राजन केसी रहेका छन् भने सदस्यमा लेखनाथ ढकाल, ठाकुर पोखेल, टेकबहादुर बिक, गंगा पन्थी, आरके ढकाल, नविन केसी, गणेश लोहार र मञ्जु तामाङ छन्।

सचिवालयको संयोजन टेकबहादुर बिकले गर्नेछन् भने आरके ढकाल र ठाकुर पोखेल सदस्यको रूपमा रहने छन्। आर्थिक समितिको संयोजक ठाकुर पोखेललाई तोकिएको छ भने सदस्यमा आरके ढकाल, कृष्णहरि कोइराला र सफलत बोगटी रहेका छन्। सूचना तथा सञ्चार कार्यदलको संयोजक डा. अमृत भुसाल रहेका छन् भने सदस्यहरूमा भरत केसी, सफलत बोगटी र आव्हान श्रेष्ठ छन्। यस्तै, सातै प्रदेशमा अभियान सञ्जाल विस्तार गर्न विभिन्न व्यक्ति संयोजकका रूपमा तोकिएको छ।

कोशी प्रदेशमा लेखनाथ ढकाल र राजेन्द्र रुम्बा संयोजक छन्। मधेश प्रदेशमा काजीप्रसाद गौतम र जितेन्द्र कुमार मिश्रले संयोजनको जिम्मेवारी पाएका छन्। बागमती प्रदेशमा ठाकुर पोखेल, कृष्णहरि कोइराला, आव्हान श्रेष्ठ, मञ्जु तामाङ, सफलत बोगटी, पुरुषोत्तम गजुरेल, मधुसुधन पुडासैनी, सुरेश अधिकारी, तेजेन्द्र प्रसाई, डा. गिरी पन्थी र कृष्णकुमार खनाललाई जिम्मेवारी दिइएको छ।

गण्डकी प्रदेशको संयोजनमा डा.राजन केसी, आरके ढकाल, दिनेश सापकोटा र ज्ञानेन्द्र कार्की छन्। लुम्बिनी प्रदेशमा रोमलाल गिरी, डा. अमृत भुसाल, विष्णु पन्थी, रमेश भुसाल, नविन केसी, शंकर बन्जाडे र सुसिल भट्टराईले संयोजन गर्ने छन्। कर्णाली प्रदेशमा टेकबहादुर विश्वकर्मा, प्रकाश रोकाया, भरत केसी, बलिराज शाही, कृष्ण तिरुवा र सबिर वि.कलाई जिम्मेवारी दिइएको छ। सुदूरपश्चिम प्रदेशमा गणेश लोहार र लक्ष्मीदत्त भट्ट संयोजक रहेका छन्।

नेपाली समाजमा देखिएको अन्याय, असमानता, वर्गीय अन्तरविरोध र असन्तुष्टि समाधान गर्दै सचेत र न्याययुक्त समाज निर्माण गर्ने लक्ष्यसहित अभियान अगाडि बढाइएको हो। अभियानले आगामी दिनमा गाउँ, टोल, बस्ती र जातीय समाजभित्र समेत पुगेर सामाजिक चेतना फैलाउने र सामाजिक लोकतन्त्रको अभ्यासलाई संस्थागत गर्ने उद्देश्य राखेको छ।

# टोखामा फोहोर फाल्नेको सूचना लिन मोबाइल एप्स संचालन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ जेठ

विश्व वातावरण दिवसको अवसरमा टोखा नगरपालिकाले विभिन्न कार्यक्रम गरी मनाएको छ।

नगरपालिकाले ठोस फोहोर पुनःप्रयोग तथा पुनःचक्रण अन्तरविद्यालय प्रतियोगिता तथा प्रदर्शनी, सम्मान कार्यक्रम तथा खोला तथा सडक तथा सार्वजनिक स्थानमा फोहोर फाल्नेको सूचना दिन एप्स निर्माण गरी संचालनमा ल्याएको छ।

प्रदर्शनीका लागि टोखाका १८ नीजि तथा सामुदायिक विद्यालयले सहभागिता जनाएका थिए।

निर्णायक मण्डलले उत्कृष्ट छनौट गरेका स्टललाई नगरपालिकाले नगद पुरस्कारसहित प्रमाणपत्र वितरण गरेको छ। जसमा धापासी माध्यमिक विद्यालय प्रथम भई नगद १५ हजारसहित प्रमाणपत्र प्राप्त गरेको छ। त्यस्तै बौंडेश्वर माध्यमिक विद्यालय द्वितीय भइ १२ हजार नगदसहित प्रमाणपत्रबाट सम्मान गरिएको थियो। तृतीय पुरस्कार भने न्यू मालाश्री इङ्लीस स्कुलले पाउन सफल भएको छ। जसमा ९ हजार नगदसहित प्रमाणपत्र प्राप्त गरेको छ। शान्तना पुरस्कार भने नितेन मेमोरियल स्कुलले पाउन सफल भएको छ। जसमा नगद ५६ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेको छ। अन्य १४ ओटा स्कुलले भने सहभागिताको प्रमाणपत्र प्राप्त गरेका छन्।

पुरस्कार पाउनका लागि निर्णायक मण्डलमा नगर शिक्षा शाखा प्रमुख बाबुराम गौतम र अभ्नी भेन्चर्स प्रा.लि.का डाइरेक्टर शिलशिला आचार्य र अपसाइकल नेपालका



फाउण्डर पुष्पा स्थापित रहेका थिए।

कार्यक्रममा विष्णुमती सफाइ अभियान अन्तर्गत ५० हप्तासम्म निरन्तर खोलामा पसेर सफाइ गर्ने विभिन्न फोहोर संकलन गर्ने कम्पनीका १८ जना सफाइकर्मीलाई नगद ५ हजारसहित सम्मान गरिएको थियो।

सर्वोत्कृष्ट काम गर्ने ढालबहादुर दर्जीलाई भने नगद १० हजारसहित सम्मान गरिएको थियो। त्यस्तै फोहोर संकलन गर्ने उत्कृष्ट तीन कम्पनीलाई कदरपत्रबाट सम्मान गरिएको थियो। जसमा हिमालयन वातावरण संरक्षण प्रा.लि., हातेमालो क्लिन सिटी प्रा.लि. र नेपाल फुलबारी सेवा प्रा.लि.रहेका थिए। त्यस्तै कार्यक्रममा विभिन्न सामाजिक अभियन्ता तथा संस्थाहरुलाई पनि सम्मान गरिएको थियो। जसमा सशस्त्र प्रहरी बल नेपाल, पूर्व प्रहरी संगठन, लायन्स क्लव अफ काठमाडौं आर्शिवाद, पत्रकार सुशान्त न्यौपाने, दीपक न्यौपाने, अभियन्ताबाट रेणु अधिकारी, विदुर राना मगर, कविन्द्र थापालाई सम्मान गरिएको थियो। त्यस्तै सक्रिय जनप्रतिनिधिको रूपमा टोखा वडा नं. ८ का वडासदस्य अनुप राईलाई सम्मान गरिएको थियो।

नगर प्रमुख प्रकाश अधिकारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अभ्नी भेन्चर्सका निर्देशक सिलसिला आचार्यले टोखा नगरपालिकालाई प्लास्टिक मुक्त बनाउन सकिने तर स्थानीय सरकारको पहिलो प्राथमिकता हुनुपर्ने बताइन्। आचार्यले नेपालमा हरित अर्थतन्त्र निर्माण गर्नमा अभ्नीले जोड दिएको बताएकी थिइन्।

कार्यक्रममा टोखा नगरपालिकाले फोहोर फाल्नेको सूचना लिन मोवाइल एप्सलाई प्रयोगमा ल्याउन लागको हो। सो एप्समा खोला किनारका स्थानीय वा जो सुकैले पनि फोहोर फाल्नेको फोटो एप्समा अपलोड गरेपछि नगरपालिकाले तत्काल कारबाही स्वरूप जरिवाना लिने नीति पास गरेको छ। जरिवानाको ५० प्रतिशत रकम सूचना मोवाइल एप्समा फोटो पठाउनेलाई नै दिने नीति लिएको छ। नगरपालिकाले खोला किनार, मठमन्दिर भएको क्षेत्र तथा सार्वजनिक स्थानहरुको नजिकका स्थानीयबासीको सहयोगमा फोहोर फाल्नेमाथि कारवाही गर्ने नीति लिएको छ।

कार्यक्रममा बोल्दै नगर प्रमुख प्रकाश अधिकारीले वातावरण संरक्षणका लागि फोहोर व्यवस्थापनमा टोखाले प्राथमिकता दिएर अघि बढ्ने बताए। ल्याण्डफिल्ड बनाउन आवश्यक जग्गा नभएकाले नीजि कम्पनीहरुको सहकार्यमा काम गरिरहेको बताए। आगामी दिनमा पुन:प्रयोग गर्न सकिने फोहोरलाई नगरभित्रै व्यवस्थापन गरिने मेयर अधिकारीले बताए। नगरपालिकाले कुहीने फोहोरलाई मल बनाइ कौसीखेती गर्न गर्न जोड दिएको छ। कार्यक्रममा बोल्दै प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले प्लास्टिक प्रदूषणको न्यूनीकरण गर्न ठोस फोहोर व्यवस्थापन नगरपालिका भित्रै गरिने बताए।

कार्यक्रममा सफाइ अभियन्ता गणेश दाहालले नगरपालिकाले कडा भन्दा कडा नीति लिने हो भने मास्क नलगाई हिंड्न सक्ने टोखा बनाउन सकिने बताए। फोहोर फाल्नेमाथि कारबाही र जरिवानाको नीति नगरपालिकाले बनाएकोमा दाहालले धन्यवाद प्रकट गरे। कार्यक्रम वडाका जनप्रतिनिधिहरु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी तथा शिक्षकहरु र सफाइकर्मीहरुको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रमको संचालन वातावरण तथा विपद् शाखा प्रमुख ई.अनुषा शर्माले गरेकी थिइन्।

# शुभकालिकामा छुवाछुत र विभेद अन्त्यका लागि कानुनी सचेतना




**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २३ जेठ

कालीकोटको शुभकालिका गाउँपालिकामा जातीय भेदभाव, छुवाछुत उन्मुलन राष्ट्रिय दिवस तथा सामाजिक भेदभाव अन्त्य गर्न २ दिने कानुनी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

गाउँपालिकाका अध्यक्ष गोविन्द प्रसाद आचार्यको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। अध्यक्ष आचार्यले जातीय छुवाछुत तथा सामाजिक विभेदको अन्त्यका लागि स्थानीय तहबाट नै दृढ इच्छाशक्ति र निरन्तर प्रयास आवश्यक रहेको उल्लेख गरे। अध्यक्ष आचार्यले गाउँपालिकाले दलित सशक्तीकरण ऐनलाई नीतिगत रुपमा प्राथमिकतामा राखेको बताए। उनले गाउँसभामा छलफल गरी 'दलित सशक्तीकरण ऐन २०८२' ल्याउने तयारी भइरहेको समेत जानकारी दिए।

दलित समुदायलाई न्यायमा सहज पहुँच दिलाउन, सम्मानजनक जीवनशैलीको प्रत्याभूति गर्न र प्रवर्द्धन गर्न यस्ता कार्यक्रमहरु निरन्तर संचालन गरिने उनले बताए।

गाउँपालिकाको आयोजनामा सम्पन्न कार्यक्रमले वडा नं १ देखि ८ सम्मका दलित अगुवा, नागरिक समाजका प्रतिनिधि, मेलमिलापकर्ता, जनप्रतिनिधि, स्थानीय अधिकारकर्मी लगायत सरोकारवालालाई समेटेको थियो।

कार्यपालिका सदस्य पवेन्द्र विश्वकर्माका अनुसार, कार्यक्रममा सहभागीहरूमार्फत कानुनी चेतना विस्तार गर्दै समुदायमै जातीय भेदभावविरुद्धको सशक्त आवाज सिर्जना गर्ने लक्ष्य लिइएको थियो।

नेपालको संविधानले जातीय भेदभाव तथा छुवाछूतलाई स्पष्ट रूपमा दण्डनीय कानुनी अपराधको रूपमा परिभाषित गर्दै आएको छ।

संविधानको मौलिक हकअन्तर्गत धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको अधिकार सुनिश्चित गरिएको छ भने दलित समुदायको संरक्षण तथा सशक्तीकरणका लागि धारा ४० मा विशेष व्यवस्था गरिएको छ।

साथै, 'जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६५' ले कानुनी कार्यान्वयनलाई थप प्रभावकारी बनाएको छ।

कार्यक्रममा कानुनी पक्षबारे विस्तृत जानकारी नेपाल बार एसोसीयसन कालीकोटका प्रमुख अमलराज शाहीले प्रस्तुत गरेका थिए।

उनले जातीय छुवाछूत विरुद्धको कानुनका प्रमुख प्रावधानबारे सहभागीहरुलाई स्पष्ट पार्दै व्यावहारिक रूपमा कसरी पीडितले न्याय खोज्न सक्छ भन्ने विषयमा उदाहरणसहित जानकारी दिए।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केन्द्र बहादुर शाही, मानवअधिकार संस्था इन्सेकका प्रतिनिधि कालीबहादुर मल्ल, रमेश कुमार शोनी लगायतको सक्रिय सहभागिता रहेको थियो।

स्थानीय सरकारको सक्रिय पहलमा आयोजित उक्त कार्यक्रमले समावेशी समाज निर्माणतर्फ नयाँ आशा जगाएको छ। समाजमा गहिरो रुपमा रहेको जातीय विभेदको संरचना भत्काउँदै समानता र न्यायको मूल्यमा आधारित स्थानीय शासन प्रणाली निर्माण गर्ने अभियानमा शुभकालीका गाउँपालिकाको यो प्रयासलाई सराहनीय कदमका रूपमा लिइएको दलित लक्षित कार्यक्रमका सदस्य सचिव विरेन्द शाहीले बताए।साथै कालीकोट जिल्ला लगायत शुभकालीका गाउँपालिकाका दलित समुदायहरु एकजुट हुन जरुरी रहेको र यस्ता जनचेतनामुलक कार्यक्रम हरेक गाउँपालिका नगरपालिका लागू गर्नुपर्ने आवश्यक रहेको दलित अधिकारकर्मी तथा पत्रकार रमेश शोनीले बताए।

# गारमेन्ट संचालन गर्न सामग्री वितरण



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २३ जेठ

बर्दियामा बालविवाह गरेका तथा बालविवाहको जोखिममा परेका अतिविपन्न वर्गका महिलाहरुलाई गारमेन्ट संचालनका लागि सामग्री वितरण गरिएको छ। ठाकुरबाबा र बारबर्दिया नगरपालिकाका १८ देखि २४ वर्ष उमेर समूहका २५ जना महिलाहरुलाई १७ लाख ९६ हजार ८ सय ७५ हजार रुपैयाँ बराबरको सामग्री वितरण गरिएको हो।

२ वटै पालिकाको समन्वयमा तथा प्लान इन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशिष्टता समूह (विग्रुप)को साझेदारीमा संचालित बालविवाह न्यूनीकरण परियोजनाको व्यवसायिक सीप विकास कार्यक्रम अन्तर्गत सामग्री वितरण गरिएको हो। दीगो रूपमा व्यवसाय संचालन गरी आर्थिक सशक्तिकरणमा टेवा पुर्‍याउन र अर्थोपार्जनमा सक्षम बनाउने उद्देश्यका साथ उनीहरुलाई गारमेन्ट संचालनका लागि सामग्री वितरण गरिएको विग्रुपका प्राविधिक संयोजक खेमराज भण्डारीले जानकारी दिए।

सामग्री वितरणपूर्व पालिकाको छनौटमा परेका ठाकुरबाबा नगरपालिकाका ८ जना र बारबर्दिया नगरपालिकाका १७ जना युवा महिलाहरुलाई ३९० घण्टे गारमेन्ट तालिम प्रदान गरिएको थियो। तालिम पश्चात उनीहरुलाई गारमेन्ट संचालनका लागि आवश्यक सामग्री वितरण गरिएको हो।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/११/१० मा दर्ता भएको **प्रा.लि. नं. ७०७२९/०६६/०६७** को **कुमारी अर्नामेन्ट एण्ड ह्याण्डिक्राफ्ट ट्रेडर्स** को मिति २०८२/०२/२३ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.स. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | ULI3320000221 | Ranjita Bhandari | Bastu-1, Gulmi Gulmi |
| 2. | ULI3320000206 | Monsoon Shrestha | Sangachok-4, Sindupalchowk |
| 3. | ULI3360000175 | Shyam Tandukar | Kathmandu-16 Kathmandu |




# 'रियाल रिंगेट'को प्रदर्शन मिति तय

**काठमाडौं/मस–** नेपाली युवाहरूको वैदेशिक रोजगारीप्रतिको आकांक्षा, पीडा र सपनालाई चित्रण गर्ने फिल्म 'रियाल रिंगेट' साउन १६ गतेबाट देशव्यापी प्रदर्शनमा आउने भएको छ । रेबेल फिल्म्स प्रा.लि.को ब्यानरमा निर्माण भएको फिल्मको प्रदर्शन मिति निर्माण पक्षले पोस्टर सार्वजनिक गर्दै घोषणा गरेको हो ।

फिल्मको पोस्टरमा मुख्य अभिनेत्री नीता ढुंगानालाई भावुक मुद्रामा प्रस्तुत गरिएको छ, जसले फिल्मको कथावस्तुमा रहेको पीडादायी पक्ष संकेत गर्छ। पोस्टरमा देखाइएका विभिन्न सामाजिक पृष्ठभूमिका पात्रहरूमार्फत गरिबी, बाध्यता र सपनाका कथा बोकेर विदेशिएका नेपाली युवाहरूको प्रतिनिधित्व गरिएको छ । पृष्ठभूमिमा खाडी मुलुकको संकेत गर्ने गगनचुम्बी भवनहरू समेत देखिन्छन् ।

विभोर पोखरेल निर्देशित यो फिल्ममा गगनलाल प्रधानको लगानी रहेको छ । पोखरेलले यसअघि दर्जनौं म्युजिक भिडियो निर्देशन गरिसकेका छन् भने निर्माता प्रधान लामो समयदेखि गीत-संगीत क्षेत्रमा सक्रिय छन् । फिल्मको कथा प्रदीप भारद्वाजले लेखेका हुन् ।

फिल्ममा प्रमोद चौलागाईं, नीता ढुंगाना, छुल्ठिम डोल्मा गुरुङ, रविन्द्र खड्का, ध्रुव कोइराला, प्रेम सुब्बा, रामचन्द्र अधिकारी, रियर राई, रोशन श्रेष्ठ, ईश्वरी बराल, विमला गिरीलगायत कलाकारको अभिनय छ ।

प्राविधिक पक्षमा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, हरि घलेको छायांकन, विपिन मल्लको सम्पादन, किरण तुलाधरको ब्याकग्राउन्ड स्कोर, चन्दन धजव केसी र रामचन्द्र काफ्ले सहितको संगीत तथा राजीव समरको कोरियोग्राफी रहेको छ । फिल्मको छायांकन नेपालका चितवन, काठमाडौं, लेटाङ र भारतको राजस्थानमा गरिएको हो ।

'रियाल रिंगेट'मार्फत नेपाली समाजमा वैदेशिक रोजगारीको प्रभाव र त्यसले पार्ने पारिवारिक, सामाजिक र भावनात्मक असरलाई गहिरो रूपमा उजागर गर्ने प्रयास गरिएको निर्माण पक्षको भनाइ छ ।

# गायक शरद ढुंगेलले ल्याए 'यो भीडको दुनियाँमा'




**काठमाडौं/मस–** गायक शरद ढुंगेलको स्वरमा नयाँ गीत 'यो भीडको दुनियाँमा एक्लै छु म जस्तो लाग्छ' सार्वजनिक भएको छ । गीतमा जीवनाथ पोखरेलको शब्द र रामचन्द्र अञ्जानको संगीत संयोजन रहेको छ भने एरेञ्ज आदेश गुर्माचनले गरेका छन् । गीतको रेकर्डिङ गुञ्जन स्टुडियोमा सुशीलको रेकर्डिङमा सम्पन्न भएको हो ।

दुई दशकभन्दा लामो समयदेखि नेपाली संगीतमा सक्रिय गायक ढुंगेलले यसअघि 'म हर चेहरा मानिसका पढ्दै छु सहरमा', 'यो मायामा आज अनायासै के भो', 'तिमी बिना' जस्ता लोकप्रिय गीत स्रोतामाझ ल्याइसकेका छन् ।

# 'यो मन त मेरो नेपाली हो'को टिजर सार्वजनिक



**काठमाडौं/मस–** आउँदो असार २७ गतेबाट देशव्यापी प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'यो मन त मेरो नेपाली हो'को टिजर सार्वजनिक गरिएको छ । पोस्टर र गीत सार्वजनिक गरेपछि निर्माण टिमले बिहीबार फिल्मको आधिकारिक टिजर सार्वजनिक गरेको हो ।

१ मिनेट ३४ सेकेण्डको टिजरले नेपाली भाषा, साहित्य, कला र इतिहासप्रति गर्वको भाव दर्शाउनुका साथै, नेपालीपनको मौलिक पहिचान के हो भन्ने विषयलाई उजागर गरेको छ । साथै, टिजरमा भुटानी शासकद्वारा निर्वासित गरिएका भुटानीहरूको पीडा र नेपालको धर्म-संस्कृतिमाथिको आक्रमणलाई फिल्मको मुख्य कथावस्तु बनाइएको संकेत गरिएको छ ।

मित्र प्रधान (नर) को निर्देशनमा बनेको फिल्ममा विजय बराल, रोशन श्रेष्ठ, विल्सन विक्रम राई, बुद्धि तामाङ, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा, विजिता परियार र देवराज राजबंशी लगायतको अभिनय छ ।

इश्वर इन्टरटेन्मेन्ट प्रा.लि.को प्रस्तुति रहेको फिल्ममा मित्र प्रधान प्रस्तुतकर्ता तथा ज्ञानबहादुर प्रधान निर्माता हुन् । फिल्मको लेखन शिवम् अधिकारीले गरेका हुन् भने छायांकन सौरभ लामा, द्वन्द्व निर्देशन देव महर्जन, सम्पादन बनिश शाह र भिएफएक्स समीर मियाले सम्हालेका छन् । कोरियोग्राफी कविराज गहतराज र प्रमोद भण्डारीको रहेको छ ।

दीपक शर्मा, विकास चौधरी र थोरम्पो ह्यङ राईको संगीत रहेको फिल्मको छायांकन झापा, इलाम, सिक्किम, दार्जिलिङ, जयगाउँ (पश्चिम बंगाल) र अमेरिकालगायतका स्थानमा गरिएको हो ।

फिल्मले नेपाली भाषा र संस्कृति मात्र होइन, पहिचान र अस्तित्वको विषयमा पनि दर्शकलाई सोच्न बाध्य बनाउने अपेक्षा गरिएको छ ।


**खप्तडछान्ना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
छान्ना, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

**चट्याङ प्राकृतिक प्रकोप हो । यसलाई रोक्न सकिदैन । तर सावधानी अपनाउने हो भने चट्याङबाट हुनसक्ने क्षति कम गर्न सकिन्छ ।**

१. आकाशमा बिजुली चम्केर गड्याङगुडुङ गर्न थालेपछि घरभित्र गइहालौं ।
२. रूख वा बिजुलीको पोलमुनि कहिल्यै नबसौं । छाता नओढौं ।
३. पौडी खेल्ने, डुङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं ।
४. घरभित्र हुनुहुन्छ भने तारवाला फोनको प्रयोग नगरौं ।
५. टिभी र कम्प्युटर जस्ता विद्युतीय उपकरण नचलाऔं । बरू प्लगबाट छुट्याइदिऔं ।
६. झ्याल भऱ्याङ तथा बरण्डाको ग्रील र बार नछोऔं ।
७. बाथरुम भित्र नुहाउने, कपडा धुने, भाँडा माझ्ने काम नगरौं ।
८. चट्याङ प्रभावित व्यक्तिको शरीरमा विद्युतीय झड्का रहँदैन त्यसैले यस्ता व्यक्तिलाई हुँदा कुनै असर पर्दैन ।
९. वर्षाको चट्याङ केही समय मात्र हुने भएकाले बाहिर पर्नुभयो भने पर्खनु राम्रो हुन्छ ।
१०.चट्याङ पर्दा खुल्ला ठाउँमा भुइँमा पल्टिनु बढी सुरक्षित हुन्छ ।
११.दुवै हातलाई टाउको माथि राखी निहुरिएर कुर्कुचो जोडेर थुचुक्क बसौं ।
१२.आकाशमा बादल तीव्रताका साथ गर्जिरहेको छ भने पक्की भवनमा आश्रय लिनुपर्छ ।
१३.कुनै व्यक्ति चट्याङले प्रभावित भए तुरन्त अस्पताल लैजाऔं ।
१४.यस्तो बेलामा खुल्ला चौर, खुल्ला संरचनामा जानु हुँदैन ।
१५.चट्याङ पर्न लाग्दा सुरक्षित स्थानमा आश्रय लिनु पर्दछ ।


# निर्माता संघमा भिपिसी शुल्क घटाउने सहमति



**काठमाडौं/मस–** नेपाल चलचित्र निर्माता संघले डिजिटल सिनेमा नेपालसँगको केही साता लामो संवाद र छलफलपछि अन्ततः भिपिसी शुल्क घटाउने सहमति गरेको छ । साउन १ गतेबाट निर्माताहरूले साविकमा तिर्दै आएको शुल्कमा करिब २५ प्रतिशत कम शुल्क तिर्नुपर्ने भएको छ भने अन्तर्राष्ट्रिय प्रदर्शनको प्याकेज शुल्कमा ३० हजार रुपैयाँ कम तिर्नुपर्ने भएको छ । यस्तै नवल खड्काको अध्यक्षतामा निर्माता संघले ५०/५० प्रतिशत शेयर बाँडफाँट, साढे ३ मिनेटसम्मको फ्रि ट्रेलरलगायतको सहमति गरिसकेको छ भने निर्माताहरूले यसको लाभ लिइरहेका छन् । साथै चलचित्र विधेयकलाई चलचित्र उद्योगमैत्री बनाउँदै स्वशासित बोर्डको रूपमा स्वायत्तता प्रदान गर्नका लागि प्रयास जारी रहेको र चलचित्र सम्बद्ध संघसंस्थाहरूसँग सहकार्यसहित अगाडि बढिरहेको संघले जनाएको छ । चलचित्र निर्माताका पक्षमा संघले निरन्तर कार्य गरिरहेको अध्यक्ष खड्काले जानकारी दिए ।


नेपाल सरकार
खानेपानी मन्त्रालय
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
विराटनगर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः– २०८२/०२/२४ गते

उपरोक्त विषयमा यस आयोजना कार्यालयको तर्फबाट मिति २०८२/०१/२४ गते आर्थिक दैनिक पत्रिका र www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता भई आर्थिक प्रस्तावको मूल्याङ्कन हुँदा, तपशिलका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाता | कवोल गरेको रकम (मू.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| 30/81-82/NCB-Goods/FWSSMP_BRT | Procurement of HDPE(PE-100/PN Series) Pipe and Transportation upto Specified Project Store as per Office Work Order and Instruction for different WSP of Morang, Udaypur and Jhapa district. | Nepal Plastics (P). Ltd., Dharan Industrial Estate, Dharan Sunsari | 57,52,355.40 | |

आयोजना प्रमुख



प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**